CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

नेपाली

वेदको सोमरस

तथा

जाँड रक्सीको इतिहास

लेखक :
पं० धनिलाल पोखेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदको सोमरस

तथा

जाँड रक्सीको इतिहास

लेखक :
पं० छविलाल पोखरेल

प्रकाशक :
मुकुन्दराज पोखरेल
चतरा लाइन, धरान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

● प्रकाशक :
मुकुन्दराज पोखेल
चतरा लाइन, घरान

© छविलाल पोखेल
घरान

● मूल्य : ४/०० रुपियाँ

● मुद्रक :
प्रकाश प्रिंटिंग प्रेस
डी० १०/११ साक्षी विनायक, विश्वनाथ गली, वाराणसी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भित्रको सुसेलीनै कोसेली हो

डा० स्वामी प्रपन्नाचार्य वेदान्ताचार्य
पी० एच० डी०

वेद प्राचीन आर्यहरूको मात्रै पेवा नभएँर यस पृथिवीमा बस्ने मानव मात्रको आदि साहित्य हो, भने क्यै अत्युक्ति छैन। तर हामी मान्दैनौं भन्नेहरूसँग साइनो लाई रहने कुरा पनि छैन। सम्मानसित भांसा खानु दिदा, खान्न भन्ने-लाई कोचार्नु पनि अबुझै कुरो हो घिच भन्दा खाने बचिएको हो। भोकले रन्किए पछि आफैं तन्किन्छ। भोक मीठो कि भान्सा मीठो भन्ने प्रश्न पनि फेद नभएकै हो। भोकले मीठो खोजदैन। निद्राले ओछ्यान भन्दैन। न चाहिएको वेलामा वेसरी खोजछ। तर वेदले आज देखि हैन अपितु लाखौं वर्ष देखि मानव लाई उद्बोधन गरी राखेको छ। त्यो शब्द शतपथ आदि ग्रन्थहरूमा यस रूपमा प्रकट भएको छ—'असतो मा सद्गमय, मृत्युर्मा अमृतं गमय' असत्यको बाटोमा नलैजाउ। सत्यको बाटोमा लैजाउ! मृत्यु अर्थात् अज्ञानको बाटोमा हैन अमृत भनेको ज्ञानको बाटोमा पुऱ्याइयौ। भनेर यस्ता अमूल्य उपदेश वेदले दिएको छ।

तर मानव जहाँ सबै भन्दा बुद्धिजीवी प्राणी छ। त्यही सबैभन्दा खेर फालिएको पनि छ। अन्धकारको खुलदुलीमा सुसेली सुन्यो भने दलानमा सुत्नु सबदैन। छिटै मर्नु कैले चाहँदैन। तर सबै भन्दा चाँडै काल बोलाउने काम गर्छ। उ गरीब हुनु चाहन्न। तर भरिसक गरीब हुने मेसो अवश्य गर्छ। उ रून चाहँदैन। तर आफै रूने काम गरी हाल्छ। बूढो हुने मन छैन। बूढ्याइँलाई रूचाउँदैन। तर आफैं चाँडै बुढेसकालसँग गल्फन बान्न पुगेको हुन्छ। ए त्यसो न गरन, भन्दा सके सम्म भन्ने हितालुको पँइचो तिर्न आईहाल्छ। यो रोग आज हाम्रो भनाउदो समाजमा माया मारेर व्याप्त छ। उकालो चियाउँदा साहसले भियाउँदैन। तल हेर्दा खोइरो, पैरो, पहरा, छहरा, ए के के हो के के। त्यसो भए माया मारी दिउँत? हो तर माया मारेर काहाँ हाम्फालने। दांतको माझमा जिब्रो जस्तै एकलिएर बेग्लिएर आफ्नो भाषामा कोनि के के गुनगुन गर्दा गर्दै भुनभुन भएर निक्लेको भाव अक्षर रूपमा निक्ले पछि त्यसको नाउँ लेख र कविता हुनु जान्छ। यो कवि या लेखकको आफ्नो मस्तिष्कको सुसेली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुनगुनाहटमात्र हो। तर गोठाले दाईको सुसेली र यस सुसेलीमा नाकपुर र कानपुरको फराक हुन्छ। पहिलोमा अव्यक्त भाव सुसेलीमा परिणत हुन्छ। तर दोस्रोमा त्यै मीठो मसीनो स्वर मण्डलमा सानिएको सुसेलीनै तात्कालिक सामाजिक हुनु जान्छ।

यस्तै हृदयको भाव सोमरस हो। यस्तै आर्य ऋषि मुनिहरूको कलीलो छुक छुके मुनाका प्रष्टरूपमा वैदिक वाङ्मय हुन पुग्यो। तर साधारण गोठाले गीत या गफ हैन। हजारौं वर्ष स्वाध्याय, चिन्तन मनन र तपस्याको फल नै वेद मन्त्र हो। त्यसो हुँदा वेद मन्त्रको अर्थराशिमा चुर्लुम्मै भासिनुको लागि सानो तिनो उपन्यासे गफाष्टकले हुँदैन। न विश्वविद्यालय र कालेजहरूको खोष्टे प्रमाण पत्रले हुन्छ। वेदार्थको लागि त उही अथक त्याग, तपस्यासँग विलीन भएर कान्तारको निरे बटुवा भए पछि मात्रै क्यै बुझ्न सकिन्छ।

त्यो पनि जरो नपैल्याइकन पात पात तिर सुमसुम्याउँनु दुगुरनेहरूको कुनै स्थितिमा बस हुँदैन। यसको मूल संस्कृत भाषा नजानी व्यर्थको कुरा कोट्याउँनु व्यर्थ छ। त्यसै भएको हुनाले मैक्समूलर आदिले चालीस चालीस वर्षसम्म संस्कृत भाषासँग चिनारो गर्नु पऱ्यो। फेरि पनि राम्ररीसँग चिनारी भएन र कुरा बुझ्न सकेन। अनि ऋग्वेदको कतिपय मन्त्रहरूमा कुराको छेउ भेउ पाउनु नसकेर आफ्नो भूमिकामा 'गोठाले गीत' पनि भनेर लेखिदिए। तर मैक्समूलरले नबुझेर त्यसरी लेखिदिदा गोठालेहरू जस्तैलाई त प्रभाव पार्न सक्छ। तर वंश परम्परा र सम्प्रदाय अनुसार वेदार्थ जान्नेहरूले त हाँसोमा उडाइदिन्छन्। मलाई राम्ररी याद छ। १९५५ को घटना हो। घटना ऋषिकेशमा भएको हो। कालीकमली विद्यालयमा नेपाली विद्यार्थीहरू धेरै पढदथिए। एक दिन सिद्धान्तको पाठ चलदा खेरी 'पञ्चमी भयेन'[1] भन्ने सूत्र पाठमा आयो। यो सूत्र सुन्ने बित्तिकै विद्यार्थीले भन्यो 'पाणिनी त हाम्रा नेपालका भएका हैं'

---

(१) भयशब्द देखि परं अथवा भयशब्द पर भएमा 'पञ्चमी' पञ्चमी विभक्ति होस्। यो सूत्रको अर्थ हो। जस्तै 'चौराद्भीतः' चोर देखि डऱ्यो। इत्यादि उदाहरण छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पढाउँने विद्वान् गुरुले भन्नु भो 'आप कैसे जानते हैं कि पाणिनि नेपाल के हैं ?' विद्यार्थीलाई हिन्दी संस्कृत दुवै भाषा आउँदैन थियो । विद्यार्थीले नेपालीमा बज्रिएर भन्यो, सूत्रैले भनिहाल्यो कि पाणिनी नेपाली हो । कसरी भन्दा सूत्रले भन्छ कि 'पञ्चमी भएन' । वस्तुतः विद्यार्थीले सूत्रको अर्थ नबुझेर पाणिनिलाई नेपाली सिद्ध गर्दा पाणिनिले नेपाली भाषामा सूत्र बनाएको कुनै अवस्थामा पनि हुनु सक्दैन । ती सूत्रहरूको अर्थ बुझ्नुको लागि वैयाकरणहरूसँगै जानु पर्छ । त्यस्तै रीतिले दोकानमा दुवै बाउँ छोरा चिया प्युनुँ गएछन् । छोरा सानो थियो । बाउ चाँहिले चिया प्युनुँ थाल्दा छोरा चाँहिले 'मलाई' भन्यो ।

दोकानदार मदेशे थियो । दोकानदारले भन्यो 'ए बच्चा मलाई मागता है लेकिन हमारे पास नहीं है' वस्तुतः छोराले 'तर' मागेको हैन । ठीक यस्तै प्रकारले भावार्थ, शब्दार्थ, व्युत्पत्ति लभ्यार्थ, परिभाषिक शब्द, व्याकरण, मीमांसा, निरुक्त, प्रातिशाख्य आदिलाई नबुझीकन वेदसँग कुरा गर्नु बोलाएर फतेफताउँनु मात्रै हो । कीथ, ग्रीफ्थ आदिले र कतिपय उनीहरूको शिष्य गनाउँदा भनाउँदाहरूले ठीक यस्तै पारा झिकेर अर्थको अनर्थमा नाचेका छन् । त्यसको परिणाम यो भयो कि 'सोम' शब्दको नाउँ, रक्सी भाँग चेउ आदि अर्थ गरेका छन् । यस अर्थले धेरै अधकल्चो विद्वान् हूँ भन्ने हिन्दूहरूलाई प्रभावित पारे । अनि वेदहरूमा पनि 'सोमरस' प्युने कुरा लेखेको छ भन्दै मादक पदार्थ सेवन गर्नुमा ठूलो भनाउँदाहरूका पनि हात देखिन्छन् । तर विचार गर्नुहोस् । सोम शब्दको अर्थमा, ऋग्वेदमा 'सोम' शब्दको अर्थ 'आत्मा' पनि छ । त्यो मन्त्र 'सोमः पवते जनिता मतीनाम्' [ऋ० ९।९६।५] यो छ । यसमाथि यास्काचार्यको निरुक्त 'अथैतं महान्तमात्मानमेता ऋचोऽनुप्रवदन्ति' [नि० १३।११] ले महान् आत्मा 'सोम' शब्दको अर्थ गरे । अरू अगाडि भन्नुहुन्छ 'सोम आत्माऽपि' [नि० १३।१२] यसमाथि निरुक्तले अरू प्रष्ट गरिदिएको छ । 'ब्रह्मा देवानां पदवीः कवीनां····सोमः पवित्रमत्येति रेभन्' [ऋ० ९।९६।३] यी मन्त्रहरूमा 'सोम' शब्दको आत्मा अर्थ निरुक्तकारले गरे । 'सोम' शब्दको चन्द्रमा = जुन पनि वेदमा अर्थ प्रष्ट छ । त्यसो हुँदा निरुक्तकार यास्कले 'अथैव सोमस्य' [नि० १३।६] मा व्याख्या गरे । 'उमया सहितः सोमः शङ्करः' उमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पार्वती सहित शङ्करलाई पनि 'सोम' भनिन्छ । [सि० वै० मं० श्लो० १] लाई हेर्नुहोस् । 'सोम' शब्द नारायणको वाचक पनि छ । 'सूते जगदिति वा सोमो नारायणः' [न्या० प० शु० पृ० नं० ४३०] 'सोम' शब्द साक्षात् विष्णुको वाचक पनि छ । त्यसो हुँदा 'सोमपोऽमृतपः सोमः' महाभारत आदिमा प्रष्ट उल्लेख भएको छ । 'न्या० प० शु० श० अ० द्वि० आ० पृ० नं० ४३०] मा राम्ररी अर्थ गरिएको छ । अनि ओखतीको नाम पनि 'सोम' छ । जसलाई सोमवल्ली भनिन्छ । यै चाँहि भ्रमको विषय भनेको छ । यास्कले व्याख्या गर्दा 'ओषधिस्सोमः' [नि० ११।१।२] मा भनेको छ । यस प्रकारले औषधि लता अर्थात् लहरा विशेषको नाम पनि सोम छ । यो 'सोम' ऋग्वेदको समय देखि लिएर ब्राह्मणग्रन्थको समयसम्म मूजवत पर्वतमा मिलथ्या यसको रस निकालेर आर्यहरूले प्यूँथे । यसको रसमा शक्ति, स्फुर्ति, दिमागलाई ताजा बनाएं र पुष्ट्याउँने, हृदयलाई बलियो पार्ने क्षमता थियो । नसा, मादकताको नाम निशान पनि थिएन । त्यसो हुँदा वेद शास्त्रहरूमा अथवा हाम्रो आर्य इतिहासमा जाडँ रक्सी पिएर मातिने उल्लेख छँदै छैन । जहाँ छ त्यहाँ अर्थ न बुझेर उल्टापाल्टा गरेर खोइरो खनेर राहुल, कौथ, ग्रीफथ आदिले राखिदिएका छन् । अर्थ या तात्पर्य न बुझ्नेहरूले धमाधम जाकिएर घर, बार, सम्पत्ति, स्वास्थ्य, समाज र राष्ट्रलाई पनि भङ्गालोमा जाक्दै छन् । अनि कतिपय अधकल्चो सुनिएकाहरूले चाँहि 'सौत्रामणि याग' मा पिउँने विधान लेखेको छ भनेर पिउँने दागा घर्छन् । वस्तुतः न 'सौत्रामणियाग' का अर्थ सम्झेका छन् । न 'सुरा' का अर्थ सम्झेका छन् । सौत्रामणियागको सबै भन्दा ठूलो अर्थ बुझाउँने इतिहास मीमांसा दर्शन हो । वेद, ब्राह्मण, आरण्यक, ग्रन्थ-हरूमा कतै कतै सूत्ररूपमा भनिएको यागको निरुपण, कात्यायनश्रौतसूत्र आदि भनेको सूत्र अर्थात् कल्पग्रन्थहरूमा विधि विधानको साथमा लेखिए । त्यसलाई अरू प्रष्ट गर्दै मीमांस आचार्य जैमिनिले सूत्रग्रन्थ लेखे । त्यसमाथि, शाबरभाष्य, श्लोकवार्तिक, तन्त्रवार्तिक, न्यायसुधा आदि ग्रन्थहरूको तत्तत्प्रकरणहरूमा भाष्य टीका, टिप्पणी आदिमा सारै राम्रो मनोहरभावमा प्रष्ट गरेका छन् । तर यी ग्रन्थहरूमा कुनै स्थितिमा पिउँनु पर्छ भनेर लेखेको छैन । रह्यो जातैले पाएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पिउँने कुरा । त्यस्मा यो प्रश्न हुन्छ कि कुन चाँहिले जातैले पाएको हो ? यसको सजीलो उत्तर छ 'किरातीहरूले' । मैले आदि मानवबाट लिएर बराबर ऐलेसम्म किरातीहरूको इतिहास खोजी राखेको छु । तर मलाई कुनै पनि इतिहासमा किरातीहरूले जातैले पिउँनु पाएको इतिहास फेला परेको छैन । अनि एक छिनको लागि मानौं कि यिनीहरूले जातैले पाएको रहेछ । तर क्षेत्री बाहुन आदिलाई किन चाख लाग्यो ? बाघ, अथवा सिंहलाई दाल, भात, साग, सब्जी, अचार आदिको स्वाद किन लागेन ? फेरि किरातीहरूले जातैले पाएको हो भने भारत आदि अनेकों विदेशमा गएर बस्ने किरातीहरू कसरी बाँचेका छन् त ? यसको असली तात्पर्य यो हो कि मानवले जातले पाएको हैन । राष्ट्र र समाजमा व्याप्त दुर्व्यसन मात्रै हो भन्ने कुरा प्रष्टसँग बुझिन्छ । विश्वको ठूलो सानो सबै देशहरूमध्ये जापान सबै भन्दा कम व्यसनी र नेपाल दुर्व्यसनमा अग्रिएको पनि प्रष्ट छ । यस अपवादमा दुर्नामलाई वयोवृद्ध यशस्वी मान्यवर श्री पं० छविलाल पोखेलजीको 'सोमरस'ले ठूलो उपकार तुल्याएको छ ।

प्रकृतमा वयोवृद्ध पण्डित श्री छविलाल पोखेलज्यूले 'सोम रस' जाड रक्सो-को इतिहास' को बारेमा कुइरोमा धुइरो केलाई दिनु भएछ । समाज यसको लागि ऋणी छ । नबुझेर हाम्रो त जातैले पाएको हो भन्नेहरूको त झन ठूलो उपकार भएको देखिन्छ । जसको मुखमा चसका लाग्यो । त्यसले अवश्य नै आफ्नो ज्यानलाई अफठ्यारो कोल्टोमा हालेर भएं पनि पौंठे सुर्कन सक्छ । तर लेखाली-को मनको चीसो चासो त्यो हैन । व्यक्तिको सुधार मुख्य उद्देश्य हो । त्यसपछि समाज सुध्रिन्छ । समाज सुदृढ़ भएर सुकीलो पाराले सुध्रे पछि । देश वा राष्ट्र आफैं सुकीलो मोहोडाली हाल्छ । त्यसो हुँदा यो भन्न सकिन्छ कि खोला, नाला, डाँडा, काँडा, पहाड, ढुङ्गा, माटो आदिको नाम देश हैन ; बस रूपले चहकीलो समाजको उन्नतिको लागि कुनै पनि देशले निर्वासन हुनु आवश्यक छ । त्यो भन्दा ठूलो कर्म हो घोरे परिश्रमी हुनु । परिश्रमी र निर्व्यसनी भइसके पछि अनावश्यक खर्च जोगाउँछ भने त्यो घर, त्यो गाउँ, त्यो जिल्ला, त्यो अञ्चल, अवश्य नै सम्पूर्ण धनधान्यले उन्नतिको टाकुरामा पुग्छ । त्यसैले राष्ट्र या देश सुदृढ बन्छ । यसैलाई पृथिवीनारायण शाहाले 'प्रजा मोटा भया, दरबार बलिया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्याथ्या' भनेको हो । त्यसको लागि दुर्व्यसन र चाहिंदो खर्काबाट उन्मुक्त पारेर राष्ट्रलाई औधि सिंहार सम्भारले सुकीलो तुल्याउँने यस लेखको जाति गुण गाए पनि थोरै नै हुनेछ । वयोवृद्ध लेखक पुरानो जुनमा फुले पनि नयां जुनसँग वेस्मारी जुझेको हुनाले नयाँले सांगुरिएको भावलाई उदाङ्ग पारेर राखि दिनु भएको छ । लेखकको उदात्त भावलाई म सारै मन पराउँछु । 'सबै जोगी मरी जाउन् मेरै झोली भरी जाउन्' भन्ने भावना देखि पर भई मानवमात्रको उन्नति चाहनु लेखकको प्रशंसनीय गुण हो । शूद्रले पढनु हुँदैन भन्ने मुन्धुम केलाएर खेलाए पछि सेलाएर हीरालाल विश्वकर्माजीलाई केन्द्रीय शिक्षा मन्त्री बनाउँने आधुनिक नेपालको इतिहासमा सुनको अक्षरले लेखिने छ । हैजा परेको बेलामा कामी, दमाई आदिको घर गाउँमा गएर 'ए ? के छ हौ' भन्दै दुःख सुखमा प्यारो दिलामा दिने, परी आईलागेको बेलामा सघाउँने ७६ वर्षीय पोखेलज्यूको आज पनि उही बानी छ । विहावारीको बन्धनमा पनि उदार हुनु हुन्छ । संस्कृत र नेपालमा दर्जनों पुस्तक लेखेर पनि अमर हुनु हुन्छ वहाँको विद्वत्ताको पूर्ण परिचय उनै ग्रन्थहरूमा प्रष्ट छ । तर उत्तराधिकारीको अभाव पनि सँगै देखिन्छ । सबै भन्दा आदरणीय कुरो के हो भने ८६ वर्षीय दाजु श्रीनरपति पोखेलज्यूलाई उही आदरणीय भावले श्रद्धेय मानेर ढोक गर्दा म आश्चर्यमा परे । ओहो ? आज पनि बन्धुत्व रहेछ भन्ने विश्वास मनमा लाग्यो । कुनै बेला यी आदरणीय गुण समस्त आर्यावर्तमा थिए । तर आज पनि भ्रातृत्वलाई कर्मले स्वीकार गर्नु आवश्यक छ । यस प्रकार वयोवृद्ध, ज्ञानवृद्ध, विद्वत्ता, अनुकरणीय चरित्र पं० श्री छविलाल पोखेलज्यूको यस निबन्धलाई सुविज्ञ पाठकवाचकवृन्दले मनग्य अपनाएर नेपालले सुनको चरो हुने छ । म सुनचरीको कामना गर्दै यसलाई यहीं टुङ्गचाउँछु । ऐले यति नै फेरि कति नै होला ।

डा० स्वामी प्रपन्नाचार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

❀ समर्पण ❀

पूज्य पिताजी वेदनिधि पोखरेल–जसको सत्प्रेरणा-
बाट अध्ययन र सदाचरणमा
अगाडि बढ्न सक्यौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुई शब्द

श्रद्धेय गुरु पण्डित छविलाल पोखेल ज्यूले लेख्नु भएको महत्त्वपूर्ण कृति सोमरस र जांडरक्सीको इतिहास आद्योपान्त हेर्न पाएँकोमा आफुलाई धन्य संझेकोछु । नेपालका प्रकाण्ड विद्वान्हरूमध्ये एक गनिनु हुने पण्डितज्यूले प्रस्तुत कृतिमा जांडरक्सीको संक्षिप्त विवेचनात्मक इतिहास तयार गरी पतनोन्मुख हुन लागेको नेपाली समाजको विसंगतिलाई उदङ्ग्याउँनु भएको छ । नेपालमा आजकल जांडरक्सीको सेवन र जुवा तास जस्ता सामाजिक विकृतिलाई प्रोत्साहन गर्ने सर्कार र त्यसलाई अङ्गीकार गर्ने लेखकहरूको छद्मवेशी अनुहारको कटु आलोचना गरेर लेखकले सही बाटो तिर पथप्रदर्शन गर्नमा ठूलो सहयोग पुऱ्याउँनु भएको छ । उन्नाइसौं सदीको भारतमा मदिरा पान गरेर दुर्व्यसनमा लागेका भारतवासीलाई जगाउँन हिन्दी साहित्यका प्रख्यात विद्वान् भारतेन्दु हरिश्चन्द्रले पञ्चक प्रपंचनात्मक व्यंग्य कविता द्वारा भारतवासीलाई मदिरापानको कुलतबाट छुटाउँन ठूलो बल गर्नु भयो, भने तेसताका नेपालमा जुवा तास र पासाको चलन चल्ती बढेको बेलामा युवक कवि मोतीराम भट्टले पंचकप्रपंच लेखी नेपालो समाजको ठूलो उद्धार गर्नुभयो ।

नेपालमा जुवा तास र मदिरापानको व्यसन अब उन्नाइसौं सदीलाई विर्साउने खालको भएको छ । सर्कारले नाफा कमाउँने सुरमा देशमा विकासको नाममा वियर फेक्टरी रक्सी डिष्टीलरीको जथाभावी लाइसेन्स बांडेर नेपाललाई रक्सी उत्पादन गर्ने अगुवा देशमा विकसित तुल्याउँदैछ । वेलुकी भएपछी भारतबाट नेपालको बोर्डरमा रक्सीखान पियक्कड़हरू आजकल आउँछन्, यो देख्ता आश्चर्य लाग्ने त कुरै भएन । जांड रक्सीको विष सेवनको विषयमा मैले यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लामू गन्थन गर्नु भन्दा पनि बढो विद्वान् लेखकले देखाएको बाटोमा लाग्न लेखक सर्कार र मदिरा सेवन गर्ने बन्धुहरूलाई अनुरोध गर्दछु ।। अन्त्यमा विद्वान् लेखकज्यूको प्रस्तुत कृतिको अमृतरूपी वचनलाई हृदयङ्म गरी पतनोन्मुख हुन लागेको नेपाली समाजको उद्धारको लागी यो पुस्तक अति आवश्यक भएको ठानेकोछु । सफलताको लागी साधुवाद ।

२०३८।५।८
धरान

—गिरिराज आचार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संशोधित

वेदको मुख्य पेय–सोमरस र जांड रक्सीको इतिहास

—छविलाल पोखरेल

सोमरसको 'सोम' शब्दले कुन वस्तुलाई कहन्थ्यो ? जसको वर्णन चारै वेदका धेरै मन्त्रहरूले गरेका छन् । सोमवारेमा धेरै विद्वान्हरूले तर्क गरे, अझै गर्दै छन् । वास्तवमा वेद मन्त्रहरूले कुन अर्थको संकेत गर्छ, त्यही अर्थ ठीक मान्नु पर्दछ ।

नेपाली मध्ये कुनै कुनै विद्वान्ले[1] सोमरस भनेको मदिरा हो, भने । भारतीय कुनै विद्वान्ले अमेटीना मस्केरिया नामको च्याउको[2] रस नै सोमरस हो, भने । महापण्डित मानिएका राहुल सांकृत्यायनजीले भांग[3] (भाङ) नै सोम हो । भांगलाई नै अचेल पनि अफगानिस्तानमा ओम (होम)[4] भन्दछन् ।

---

(१) शान्ति सुरभ-लिखित हाम्रो संस्कृति एक सिंहावलोकन, साझाबाट प्रकाशित पृष्ठ १४ मा प्राचीन भारतमा आर्यहरूमा मद्यको पनि निषेध थिएन । वास्तवमा मद्यलाई सोमरस संज्ञा दिई सेवन गर्थे । धरणीधर दाहाल लिखित जाति भाषा र लिपि पृ० ७९ मा र अरू पनि भ्रममा परेका छन् ।

(२) १९७६ फरवरीको नवनीत पत्रिका पृष्ठ ७२ मा–यह भी कहा जाता है कि वेदों में वर्णित सोमरस भी अमेटिना मस्केरिया कुकुरमुत्तेका ही देन था । मैक्सिको के प्राचीन निवासी लोकोत्तर आनन्दके लिए कुकुरमुत्तेका सेवन करतेथे, कुकुरमुत्तेकी जानकारी देना निषिद्ध था ।

(३) ले. राहुल सांकृत्यायन, दर्शन दिग्दर्शन पृ० ३८५ अ० १४ मा–वेदमें सोम (भांग) का रस हिन्दी इरानी कालसे उनके प्रिय पानोंमें था । तथा ऋग्वेदिक आर्य, पृष्ठ १६९।१७२।१७२ मा सनेत राहुलजीले उल्लेख गरेको छ ।

(४) ले० डा० सन्पूर्णानन्द "आर्यो" के आदि देश पृ० ७४ मा सोम (जेन्दों होम) का फिर प्रचार हुआ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिब्बतमा भांगलाई सोमराजा भन्दछन् । सोमको स्तुति मन्त्र "स्वादिष्ठया मदिष्ठया" इत्यादिले खूब स्वादिलो र खुब मात लाग्ने भनेकोले र "चमुषु" धढाका घडामा राखेको लेखिएकोले समेत कहींको कुनै लहराको रस हो, भन्न सकिंदैन । सर्वत्र घेरै पछिनै भांग हो । "साथै" सोम परम पवित्र ग्राह्यथा, पर सुरा (मद्य) नीच दृष्टि से देखी जाती थी । ऋग्वैदिक आर्योंसे तिब्बतियोंकी चाल उल्टी है । वे भांगको पसन्द नहीं करते । सुराको अच्छा समझते हैं । अचेल पनि भारतमा पूर्ण चिनी वदम आदि वस्तु हालेर भाँग घोटी पिउँने काम बनारस आदि स्थानमा देखिदैछ । सोमरस बारेका उक्त ३ वस्तु मध्ये कुन हो ? ती तीनै थरि हुन् कि ? अथवा चौंथो कुनै वस्तु थियो ? जसको आनन्ददायक अति मीठो भैकन स्वास्थ्यकारक आदि असंख्य गुण बताएको छ । कुनै मन्त्रले पनि सोमको दुर्गुण बताएको देखिदैन । वास्तवमा मदिरा भन्ने कुरा वेदका कुनै मन्त्रले पनि स्पष्ट गर्दैनन् । वेदमा प्रसिद्ध र सर्वत्र गुणगान गरिएको सोमलाई मदिरा हो भन्ने उल्लेख गर्नु अति अशुद्ध र वेदको अध्ययन नगर्ने पाठकहरूमा भ्रम फैलाउनु मात्र हो, उत्तरोत्तर बढदै रहेको मद्यपानलाई केही प्रोत्साहन हो, सत्य होइन । अर्को कुरा वैदिक यज्ञमा चाँहिने सबै पदार्थहरू कहांबाट ? कसरी तयार गर्ने ? इत्यादि बारेमा पनि वैदिक मन्त्रहरूले संक्षेपमा उल्लेख गर्दछन् । जस्तै दर्शपूर्ण मास यज्ञका चाँहिने दहिका निम्ति गाई दुहुनु छान्नु, तताउनु, जोरन हाल्नु इत्यादि काम शुक्ल यजुर्वेदको आरम्भका ३ मन्त्रले[1] बताउँछन् । यूपमौलो (किलो) चाहिदा रुख काट्ने विधि पनि मन्त्रले[2] भन्दछ ।

मद्यपानका केही घण्टा सम्म बुद्धि विगारी त्यति समय भित्रै नै अनेक अनर्थ, रेल, बस, मोटर आदिको दुर्घटना, आतङ्क फैलाउँनु, प्रशासकले मातेका बखतमा आदेश गर्दा असंख्य निरपराध मानिस मारिनु, स्वास्नी छोरा छोरीहरूको मातेर मर्मत गर्नु इत्यादि दुर्गुणहरू चिन्तनशील मानिसहरूका अगाडि

(१) इन्द्रश्य त्वा भागं सोमेनातनच्मि (यजु १।४) इन्द्रको भाग दूधलाई दहिले जमाउछु । यहीं दहिको अर्थ गौणीवृत्तिले सोम गरेको छ ।

(२) "अत्य न्यान अंगानान्यान्" । यजु० मन्त्र (५।२३) ले वनस्पतिको आर्धना, कुश राख्नु, काट्नु, आदि काम बताउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्यक्ष नै छन् । त्यसैले बुद्धि बिगार्ने वस्तुहरू मध्ये एक वस्तु मद्यपानलाई पनि ऋग्वेद मन्त्र[1] (७।८६।६) ले स्पष्ट भनेको छ । त्यस मन्त्रले मानिसलाई पथ-भ्रष्ट गर्ने सातवटा कुरा बताएको छ । राहुलजीले पनि वेदमा मद्यपानलाई नीच दृष्टिले देखिन्थ्यो भन्नु भएको माथि उल्लेख भयो । वैदिककाल देखि ऐले सम्म पनि समाज शास्त्री, धर्म शास्त्री अर्थ शास्त्री, स्वास्थ्य शास्त्री, राज शास्त्री समेतले मद्यपानलाई ठूला दुर्व्यसन मध्ये पैला मानेको छ, तापनि राजसूय वा सोमयाग सकिए पछि चरक सौत्रामणी यज्ञको शुरूमा यजुर्वेद मन्त्र[2] (१०।३१, ३२, ३३) ले मदिरा बनाउने छोटो विधि पनि बताएको छ । त्यस्तै यजुर्वेदको १९ अध्याय देखि २१ अध्याय सम्म सौत्रामणी यज्ञ बताएको छ, मन्त्रमा[3] सौत्रामणीको उल्लेख छ । तर ऋग्वेदमा सौत्रामणीयज्ञको कुरा देखि-दैन । त्यो यज्ञका देवता इन्द्र हुनाले र इन्द्रको नाम सुत्रामा (रक्षक) हुँदा त्यो नाम रहेको हो । त्यस यज्ञको आरम्भ गर्दा सुरा बनाउँने विधि मन्त्रले बताएको छ । माथि लेखे जस्तै अश्विनीकुमार, सरस्वती; सुत्रामा (इन्द्र) समेतका निमित्त पकाउ, भनेको छ । ती मन्त्रहरूमा नग्नहु शब्द पनि छ त्यसको अर्थ कात्यायन श्रौत सूत्र (१९।१।२२) ले त्रिफला शालका बोक्रा आदि अनेक औषधि र धान जौका समेत ३२ पदार्थ भातका साथमा मिलाएर सुरा (मद्य) तयार गर्नु भनेको छ ।

---

(१) न सः स्वोदक्षो वरूण धृतिः सा सुरा मन्युर्विभीदको अचित्तिः । अस्ति ज्यायान् कनीयस उपारे स्वप्नश्च नेदृनृतस्य प्रयोता । (ऋक्० ७।८६।६) हे वरूण ! त्यो दोष आफू मात्र होइन । सुरा (मदिरा) क्रोधको आवेश जुवा, अजान समेतले अनर्थ गराउँछन् । माथिल्ला तहका दुर्व्यसनी मानिस मल्ला तहकालाई कहिं कहिं पथभ्रष्ट गराउँछन् । स्वप्नश्च (असावधानी) पनि अनर्थ गराउँछ । श्रुति शब्दको धृगति स्थैर्ययोः भन्ने धातुबाट बनेको हुँदा चंचलता र अति जडता अर्थ हुँदा लोभ र अति काम अर्थ पनि गनिन्छन् ।

(२) अश्विभ्यां पच्यस्य सरस्वत्यै पच्यस्वेन्द्राय सुत्राम्णे पच्यस्व (यजु १०।३१) ।

(३) तदेतत्सर्वमाप्नोति यज्ञे सौत्रामणीमुते । (यजु १९।३१) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मैक्सिको देशमा उक्त अमेटिना मस्केरिया नामको च्याउ लोकोत्तर अति आनन्द दायक र कसैलाई चिनाउँनु नहुने हुँदा सोम हो कि ? भन्ने तर्क भएको होला । तर च्याउलाई द्विजातिले खाएमा पतित हुन्छ भनेको र धनो मानिसले सोमपान गर्नु समेत मनुले[1] नै भनेको हुँदा च्याउ सबै तिर पाइने समेत हुनाले सोम होइन । च्याउ मध्ये धेरै च्याउ विषैला पनि हुनाले निषिद्ध मानेको होला, वा अरू नै कारणले निषेध गरेको होला ।

सोमरस भनेको भाङको रस हो भन्ने राहुल सांकृत्यायनको उक्ति तर्फ दृष्टि दिऊँ । दूध चिनी मिलाएर मीठो सुगन्ध नसा लाग्ने हुँदा र जिन्दा वेस्तामा सोमलाई 'होम' भनेको अफगानिस्तानमा भाङलाई ओम भनेको तिब्बतमा वेदमा जस्तै 'सोमराजा' भनेको समेत अनेक कुरा देखाउँनु भएकोले भाङ नै सोम हो कि ? भन्ने शंका अवश्य हुन्छ । तर सो पनि हैन । किन भने सोम भाँगमा पनि चाहिने मुख्य वस्तु सोम बेच्न ल्याएको, मोल गरेको, खरिद गरेको उल्लेख मन्त्रहरूमा र कात्यायन श्रौतसूत्रमा पनि स्पष्टै छ । यजुर्वेदको चतुर्थ अध्याय देखि १० सम्म सोम यागको आरम्भ हुन्छ । वरूण देवताको परमेश्वर रूपले स्तुति गर्दा यजुर्वेद मन्त्र[2] (४।३२) मा वरूण देवताले प्रजाको हृदयमा विचारलाई र अग्निलाई आकाशमा सूर्यलाई र पर्वतमा सोमलाई राखि दिनु भयो । ऋग्वेद मन्त्र[3] (१०।३४।१) मा पनि मुंजवान पर्वतको सोम खाए जस्तै यी पासाले मलाई आनन्द गराउँछन्, ऋक् मन्त्र (१०।३२।१) मा पनि 'पर्वतावृधः, तावृधः 'पर्वतमा बढेको' भनेकोले समेत सोमको भाँग अर्थ

---

(१) छत्राकं विड्वराहं च लसुनं ग्राम्यकुक्कुरम् । पलाण्डुं गृञ्जनं चैव मर्त्या जग्ध्वामते द्विजः (मनुः ५।१९) यस्य त्रैवार्षिकं धान्यं पर्याप्तं मृत्यवृत्तये । अधिकं वापि विद्येत स सोमं पातुमर्हति । (मनु० ११।७)

(२) वनेषु व्यन्तरिक्षं ततान वाजमर्वत्सु पय उस्त्रियासु । हृत्सु क्रतुं वरुण सारथिं दिवि सूर्योदधात्सोम मद्रौ । (यजुर्वेद (४।३२)

(३) प्रावेमा मा भृहतो मापदन्ति प्रवातेजा हरिणे वर्वृतानाः । सोमस्येव मौंजवतस्य मक्षो विमीदको जागृविर्मह्यमच्छान् । (ऋक् १०।३४।१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन सक्तैन । भाँग चाहि मैदानमा सवैतिर पाइन्छ । सुरा (मद्य) च्याउ र भाँग समेत मुख्य सोम होइनन् । ऋग्वेदको नवौं मण्डलका धेरै मन्त्रले र सोमयाग बताउँने यजुर्वेदीय मन्त्रले समेत बताएको सोम उक्त तीनै वस्तु होइनन् । यजु[1] (४।२६) मन्त्रले समेत सुन, वाख्रो, गाई समेतबाट सोम किन्ने बारे छलफल गरेको छ । त्यसैलाई दुङ्गाको ओखलमा कुटेर काटेर छानेर दूध चिनि सात्तु कहिं दही पनि मिलाउँनु भनेको छ । यजुर्वेदको (अ० ८ मन्त्र ५४। देखि ५८ सम्मका) मन्त्रहरूले सोमलता किनेर चिनि सात्तु दूध आदि मिसाउँनु आदि अनेक कामका साथै मनले सोमलाई संझदा परमेष्ठी नाम हुन्छ, किन्ने समयमा इन्द्र[2] र मरूत् नाम हुन्छ, किनिसके पछि भित्र दूध मिलाउँदा शुक्र नाम हुन्छ इत्यादि प्रकारले चौंतिस देवताको नाम बताएको छ । आयुर्वेदका पुराना ग्रन्थ चरक र सुश्रुत हुन् । चरकमा पन्द्र पात भएको औषधि मध्ये श्रेष्ठ सोम[3] हो ।

सुश्रुतमा[4] सोम औषधि स्थान नाम, आकार र शक्तिका भेदले चौविस प्रकारको छ भनेर महिनौं दिन सम्म अनेक विधि विधानले सोम औषधिको सेवन गरेपछि नयाँ शरीर बनेर १० हजार वर्ष बाचिन्छ, इत्यादि प्रकारले विधि विधान र अतिशय गुण बताएको छ । शब्द[5] कल्पद्रुम नामक कोशमा[6] सोमको अर्थ अनेक बताएको छ ।

---

(१) परमेष्यभिधीतः··· इन्द्रश्च मरुतश्च क्रयायोपोत्थितः···मित्र । क्रीतः···· (यजु० ८।५४।५५)

(२) सोमो नामौषधिराजः पंचदशपर्णः स सोम इव हीयते वर्धते च । चरक संहिता चिकित्सात्था नअ १।

(३) औषधीनां पतिं सोममुपयुज्य विचक्षणः

(४) दशवर्षः सहस्त्राणि नवां धारयते तनुम् ।। सोम, स्थान नामाकृति विशेषं-वचतु विशतिधा मिघते । इत्यादि चिकित्सा स्थाने अ २९ सुश्रुत ।

(५) शब्द कल्पद्रुम भाग ५ पृ० ४१६ मा सोमम् कांजिकम् । स्वर्गः चन्द्रमा अष्टवसु मध्ये एकः । सोमलतौषधि विशेष इति मेदिनी, सोमोलता विशेष इति हेम चन्द्रः । हातको माझ सोमतीर्थ हो, मनु अ० ३ श्लो, २५७ ।

(६) यजु० ४।२६ शुक्रंत्वा शुक्रेण क्रीणामि चन्द्रं चन्द्रेणामृतममृतेन । प्रजापतेर्वर्णः परमेण पशुना क्रीयसे सहस्र पोषं पुषेयम् ।४।२६) यजु०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोमलता बारेको खोज धर्मयुग, सन् १९८० डिसम्बर १४। पृष्ठ ११।१२।१३ शोर्षक-द्वारका से ताजी रपट-सोमरस बनाउने सोमलताका बारेमा आई० ए० एस्० अधिकारी श्री कृष्ण चन्द्र सगरले खोज गर्दा धेरै कुरा बुझियो। सो तल लेखिने छ।

श्री धरणीधर दाहालजीले लेख्नुभएको 'जाति भाषा र लिपि' भन्ने पुस्तक देखियो। ठूलो अनुसन्धान गरी नेपालको सत्य परिचय दिने प्रयत्न गरेकोले अत्यन्त उपयोगी छ। तर यहांका अनेक जातलाई बाहिरबाट आएका र पृष्ठ ७९ मा भांग रस र जाँड रक्सी नै सोमरस हो भन्ने कुरा सोमयागका मन्त्र विरुद्ध हुँदा सत्य होइन। भ्रामक हो। तेसै पृष्ठमा ऋषिहरू मासु खान्थे प्रकृतिको पूजा गर्थे, जस्तो—आगो, पानी, हावा इत्यादि लेखिएको पनि पाश्चात्यको अनुसरणमात्र देखिन्छ। किनकि—अग्नि वायु आदि नामबाट एक परमेश्वरलाई ऋषिहरू भन्दछन् (ऋक्० ३।३।३३) इत्यादि मन्त्रहरूबाट प्राकृतिक, दैविक र आध्यात्मिक दृष्टि समेतले स्तुति गरेको स्पष्ट छ। मासु खान्थे, भन्ने पनि पाश्चात्य र तदनुयायी एताका मानिसको भनाइ मात्र हो। कोई फलाहारी र एक दुइ मांसाहारी पनि हुन संभव छ।

१९७४ गुजरातमा राष्ट्रपति शासन हुँदा निजले त्यहींका डाक्टर जयन्ती लाल ठक्करका साथमा बाटो घाटो केहि नभएका दुर्गम क्षेत्र जङ्गलमा घुम्दा ढुङ्गाका सारै ठूला पालिस लगाएका ओखल (उलूखल) धेरै भेटिए। सोमलता कुट्ने ओखल बारेमा ऋग्वेदको उल्लेख हेर्दा। 'यत्र ग्रावा पृथु वुध्नः ऊर्ध्वो भवति सोतवे। उलूखल सुताना भवेदिन्द्र जत्गुलः। (ऋक्० १।२८।१) (धर्मयुग सितम्बर १४ सन् १९८०)

यत्र द्वाविव जघना विषवराया कृता। उलूखल० (ऋक् १।२८।१) "मुंजवान पर्वत पंजाबके उत्तरी भागमें अब पाकिस्तानमें स्थित है। पत्थरकी विसाल ओखलियाँ जिनमें सोम रस कुटी जाती थी, सहस्रों वर्षोंके पश्चात् भी सौराष्ट्रके ओखा मण्डलके क्षेत्रमें आज भी स्मारकके रूपमें खड़ी हैं"। सोमको गुण, बल बुद्धि आयु बढाउँने आदि अनेक विस्तार पूर्वक वेदमा बताएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"ऋषि मुनि सोमरसका सेवन केवल बुद्धि विकास दीर्घ जीवनके लिए करते थे। ब्रह्मचर्यके पालन से ही इसके गुण पूर्ण रूपसे प्रकट होते थे"।

निज अधिकारी कृष्ण चन्द्र सगरलाई डाक्टर जयन्तीलाल ठक्करले एक दुर्गम स्थान जङ्गलमा लगे। त्यहां एक कडा लहरो फैलिएको देखियो। "थोडेसे हिस्सेमें इस वेल (लहरो) का वाहुल्य था। शतप्रतिशत कहना तो कठिन है, मगर उन्हें ऐसा लगता है कि यह वेल ही सोमलता है। कुछ वर्ष पूर्व द्वारकासे पांच किलो मीटर दूर स्वर्ण तीर्थमें यह लता उन्हे अधिक मात्रामें देखनेको मिली थी। आज वहां उसका चिन्ह तक नहीं है। अन्य स्थानोंपर जंगल कट जानेसे यह लता समाप्त हो गयी है। तय हुआ कि इस लताके गुणोंके सम्बन्धमें प्रयोग किए जायँ और यह सिद्ध हो कि सोमलता में बताए गए गुण इसमें विद्यमान हैं तो इसे ही सोमलता माना जाय। प्रयोग और परीक्षणका काम डा० ठक्करने अपने उपर लिया। स्वयं डाक्टर होनेके नाते भिन्न भिन्न बिमारियों पर सोमलताका प्रभाव जाननेमें कोई कठिनाई नहीं हुई!

इसके रसका स्वयं अपने उपर भी प्रयोग किया। उनका कहना है कि जिह्वाके नीचे भागमें इसका एक बूँद रस कभी कभी डालते रहनेसे उन्हें शक्तिका भान होने लगा और कुछ ही महिनोंमें वे ७० वर्षकी बुढ़ापेमें अपने आपको ५० वर्षका अनुभव होने लगा। चलते समय उन्हें टांगोंमें जो दर्द होता था, वह भी लगभग दूर हो गया। अभी आगे प्रयोग करना शेष है। परन्तु वेदोंमें वर्णित सोमलतासे इस वेलका इतना साम्य है कि इसकी सोमलता होनेमें कोई सन्देह नहीं रहता"।

भांग, मद्य, च्याउ र चौथो उक्त लहरा पनि सोम बारेमा देखाइयो। तर चरकमा र अन्त पनि बताएको १५ पातवाला शुक्ल र कृष्ण पक्षमा बढ़ने र घटने समेत लक्षण नवता एकोले पांचों अर्कै लहरा हो वा चौथो नै हो? अहिले निश्चित रूपले भन्न सकिदैन। वेदमा उक्त लहरो मुंजवान पर्वतमा पाइने

(१) ऋषिहरूको आश्रममा परस्पर विरोधी हिंस्रक जन्तुहरू पनि हिंसा गर्दैनथे। इत्यादि वर्णन देखिन्छ। जावाली आश्रम वर्णन, इत्यादिको वास्ता नै गर्नु भएन छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनेको भए पनि त्यसबाट अन्त नपाइने भन्ने अर्थ आउँदैन । उसवेला त्यही उत्तम वा चलतीमा आएको हुन सक्त छ । किनकि सुश्रुतमा स्थान आकार र नामका भेदले २४ प्रकार को हुन्छ भनेको र सोम पाइने ठाउं पनि अनेक[1] बताएकोले समेत उक्त चौथो लहरामा सोमलताका सबै गुण भेटिए छन् भने ता चौथो लहरा नै सोम को भेद हो भन्न सकिन्छ । उक्त विद्वाहरूले उक्त लहरो घरमा पनि लगाए । भांग बारेमा शंका हुन सक्ने हो ता पनि वेद र चरक सुश्रुतले भनेको गुणमा धेरै फरक परेको र वेद मन्त्रले भने अनुसार नभै जहाँ तहाँ पाइने हुँदा समेत त्यो भांग सोम होइन । शान्ति सुरभ ज.ले मदिरा हो भन्नु ता अति अनुचित हो । जनतामा असत्य भ्रम फैलाउँने हो । विद्वान्ले सत्य को खोज अनुसन्धान गर्दै रहनु पर्छ । केही नबुझी ठोकुवा गर्नु ठीक होइन । जँडाहाहरुले जांड रक्सीलाई प्राचीनले उत्तम मानेको सोम रस हो भनी चित बुझाउनु स्वाभाविकै हो । उक्त चौथो लहरामा १५ पात र घटने बढ़ने कुराको उल्लेख सो धर्म युगमा गरिएन, गुण मात्र पूर्ण देखिएका छन् । वेदमा १५ पात र घटने बढ़ने कुरा कल्पित हुन कि भन्ने शंका हुन सक्तछ । त्यो अति गुणकारक लहरो कसरी लुप्त भयो ? भन्ने शंकाको उत्तर कै भने ? जब सम्म स्वास्थ्यका लागि सोम रस पिइन्थ्यो । तब सम्म लुप्त थिएन, जब सोमयागमा मात्र चलाउँने र तीन जातको मात्र जन्मना जात मानेर यज्ञ र पठन पाठनमा अधिकार मानि किनेर चलाइने हुँदा बगैचामा लगाइएन । अथवा बेच्ने जातले महँगो पनि गर्न लाग्दा किफायत पनि गर्न प्रतिनिधि राखेर सोमयाग गरेर यजमानहरु सोमयाजी बन्न थाले हुनन् । जस्तो अचेल पनि कलशमा सबौषधि हाल्नु पर्दा बोझो चुत्रो जटामासी कूट मुरा बेसार गिलाजित आदि ७ औषधि हाल्नु पर्नेमा बेसार मात्र

---

(१) सुश्रुत चिकित्सा स्थान अ. २१। हिमकत्यर्वुदे सह्ये महेन्द्रे मलये तथा । श्री पर्वत देव गिरौ गिरौ देवसहे तथा ।२७। उत्तरेण वितस्तायाः प्रवृद्धा ये महीधराः । पञ्च तोयामघो मध्ये सिन्धु नामा महानदी । यस्योद्देशेषु चाप्यस्ति मुंजमानंशुमानपि ॥ काश्मीरे स्सिसरो दिव्यं नाम्ना क्षुद्रक-मानसम् । अत्र सन्त्यपरे चात्र सोमा सोम समप्रमाः ॥ श्लो. ५८ देखि ३१ सम्म ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाल्ने चलन छ। अथवाविधर्मी विदेशीको आक्रमणबाट धेरै अमूल्य वस्तुको नाश हुँदा भाग्नु पर्दा सबैकुरा लुट्नु सम्भवै छ। त्यस्तै हुन सम्भव छ।

भारतमा प्राचीन कालदेखि अहिले सम्मका सोम विषयको मान्यता पनि कुनै औषधि मै छ। त्यो अर्के कुनै महत्त्वपूर्ण उत्तम औषधि नै सोम हो। उक्त तीनै वस्तु होइनन्। अरू मामुली आयुर्वेदीय औषधि ता कुल परम्पराबाट वा शिष्यपरम्पराबाट अहिले सम्म लोप नभएर चिन्ने जान्ने हुंदा आयुर्वेद औषधि चालु छ, भने त्यस्तो उत्तम औषधि दुर्लभ वा नचिनिने कसरी भयो? भन्ने शंका हुन्छ। तर मंत्र र औषधि आदि नौ पदार्थ गुप्त[1] राख्नु पर्दछ भन्ने प्रसिद्धि ऐले पनि छदैछ। जस्तै कुष्ठ रोग निको पार्ने मुजफ्फरपुरको चमारले नेपाल तराइको बुटी द्वारा हात गोडाका औंला झरी सकेका मानिसको पनि रोग निको[2] पार्दथ्यो। तर गुरुले नबताउँनू भनेकोले बताएन। गुरू चाहिं एक सन्यासी थिए अरे। अथवा वेदमा नदेखिए पनि स्मृतिमा ब्राह्मणलाई सोम बेच्न निषेध हुनाले अरू जातले खुला बेच्ने र किन्ने गरेको कुरा वेद मन्त्रको माथि लेखे अनुसार सोम सर्वत्र प्रसिद्ध थियो होला। अथवा आयुर्वेदीय कतिपय औषधि अप्राप्य र नचिनिने समेत भएका छन्। त्यो सोम पनि त्यस्तै हुनु पनि सम्भव छ। २।३ पुस्ता मात्र व्यवहार गर्न छोडे पछि धेरै कुरा समाप्त हुन सक्छ। सोमयागका उत्तराधिकारी भारत १ हजार वर्ष देखि सम्प्रदायान्ध मुसल्मानको[3] आक्रमण र शासनमा पर्‍यो। अर्को उत्तराधिकारी नेपाल पनि किरात अंशुवर्मा पृथ्वी मल्ल आदिका समयमा फराकिलो र उन्नत भए पनि पछि पछि

---

(१) आयुर्वित्तं गृहच्छिद्रं मन्त्र मैथुन भेषजपूर्णम्। वंचनं चापमानं च मतिमान्न प्रकाशयेत्, नीति श्लोक।

(२) मोरंग जि. सुन्सरीको पकलो पूर्व हर्दिया गाउँको शंकु नामक थारू निको भएर आएको म समेत धेरैले देख्यौं। हात गोडाका औंला थिएनन्।

(३) ले सूर्य विक्रम ज्ञवाली, इतिहासका कुरा पृ. ७२ शीर्षक हिन्दुराज्य नेपाल। पृ. ७४।७५ मा औरङ्गजेबले काशीमा सन् १६६९ अप्रैलमा विद्यालयहरू बन्द गरेर विश्वनाथ मंदिर भत्काउँने आदेश दियो। भाद्रमा मंदिर भत्काएको खबर सर्वत्र फैलिया। त्यसबेला नेपालमा प्रताप मल्ल राजा थिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साना साना टुक्रामा विभाजित र कमजोर थियो । यो ऐलेको नेपाल ता श्री ५ पृथ्वी नारायण शाहबाट २ सय वर्ष अघि बनाउँदै यस अवस्थामा आएको हो । जस्तो च्यवनप्राश नामक प्रसिद्ध उत्तम औषधिमा जीवक ऋषभक ऋद्धिवृद्धि मेदा महामेदा ककोली क्षीरककोली आदि औषधि (अष्टवर्ग) अचेल नपाइदा तिनको प्रतिनिधि हालेर बनाइदैछ । त्यस्तै सोमलताका बदलामा पनि त्यसको प्रतिनिधि मानिएको पुतीकनसमक औषधि हालेर सोमयाग[1] गरेको कुरा सोम-यागको इतिहासमा पाइन्छ । यसलाई मन्त्रहरूले स्वादिष्ठ मदिष्ठ स्वास्थ्यवर्द्धक छ भन्दछन्, मादक द्रव्य हो भने ता उत्तम कसरी मानेछन् ? मादक द्रव्य भांग अफीम आदि ता औषधिका निम्ति रोग लाग्दा थोरै प्रयोग गरिन्छ । त्यस्ता मादक द्रव्य पिउँने खाने मानिसलाई भँडाहा जँडाहा रक्स्याहा अफीमची दुर्व्यसनी भन्दै नीच दृष्टिले हेर्दछन् भन्ने शंका हुन्छ । तर मदिष्ठको मात लाग्ने मात्र अर्थ हुँदैन । मदी हर्षे, मद तृप्तियोगे धातुबाट बनेकोले तृप्ति गर्ने अति आनन्ददायक अर्थ हो । मात लाग्ने अर्थ होइन । जस्तै–ऋग्वेद मन्त्रमा यौटा जुवाडीले मुंजवान पर्वतको सोम खाए जस्ते गरी ईयासाले मलाई सारै आनन्द गराउंछन् जागा गराउछन्, भन्दा मादयन्ति र जागृति भनेको छ । (ऋक् ।१०। ३३।१) जुवा एक खराब अम्वल हो । तर जुवाडीलाई ज्यादा आनन्द हुँदा जागा समेत रही खेल्दछन् । मद धातुको बुद्धिमा विकार[2] उत्पन्न गर्ने अर्थ पनि प्रसिद्ध नै छ ।

मादक द्रव्यले विशेष गरी सबै प्रकारका मदिराले बेच्नेलाई लाभ गरे-पनि पिउँनेको आर्थिक स्थिति बिगार्दै सामाजिक पारिवारिक स्वास्थ्य र धार्मिक स्थिति समेत बिगार्दै अनेक अनर्थ दुर्घटना, कलह, संघर्ष, पैदा गर्ने हुनाले नै वेद देखि अहिले सम्म दुर्गुण दुर्व्यसन भनेर निषेध गरेको पनि देखिन्छ ।

---

(१) तत्स्थाने फुतीक संज्ञकं लतान्तरं गृहीचा तत्रैव, सोमे क्रियमाणा न्सर्वानजि संस्काराननुष्ठाय तद्रसेनैव सोमयागः क्रियते । का. ओ. सूत्र भूमिका १।२४ ले० विद्या धर शर्मा गौड ।

(२) मादयति-चितं विकारमुत्पादयति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनुमा[1] १८ प्रकारका दुर्व्यसनमा मधुलाई र जुवालाई प्रथम श्रेणीको दुर्व्यसनमा गनेको छ। ऋग्वेद मन्त्र (७।८६।६) ले र (८।२।१२) ले समेत दुर्गुण बताए पनि यजुर्वेदको सौत्रामणी यज्ञमा मदिरा चलाएको ता त्रिफला आदि औषधि समेत ३२ वस्तु हाल्नु पर्ने विधि हुँदा औषधिका निम्ति मात्र हो कि ? वास्तवमा सुरा (मदिरा) मात लाग्ने हुँदा हानिकारकै हो। सरकारले लाइसेन्स दिए सरह उक्त यज्ञमा चलाएको हुन सक्तछ। श्रीमद्भागवतले पिउँनु होइन, 'सुँघनु मात्र हो' भनेको छ। तर यजुर्वेद[3] मन्त्र १९।३४।३५ मा अश्विनी कुमार, सरस्वती र इन्द्रलाई समेत चढाउनु भनेको छ। वैदिक समयमा नै मद्यको जानकारी हुनु दुर्गुण देखाउँनु सभ्यताको चिह्नहो। उक्त ३४ मन्त्रको शतपथ ब्राह्मणमा 'सुरा अशिव (अशान्ति) गर्ने हो' भनेको ले मदिरालाई वेदले दुर्व्यसनमा गनेको स्पष्टै छ। वेदले मद्यलाई चिनाउँनु दुर्व्यसनमा गन्नु र सोमको मुख्य अर्थ सोमलता समेत लेखियो। वेद मन्त्रहरूमा सोम शब्दको गौण[4] अर्थमा पनि प्रयोग गरेको देखिन्छ।

दयानन्द सरस्वतीले वहाँका अनुयायीले समेत मदिरा चाहिने कुनै यज्ञ पनि बहाउँनु भएन। अश्वमेधका मन्त्रहरूको र अरू मन्त्रको पनि अश्लील र हिंसा

---

(१) मृगयाक्षा दिवास्वापः परिवाद स्त्रियोमदः। तौर्यत्रिकं वृथाट्याच कामजो दशको गणः॥ (मनु ७।४७)
पानमक्षाः स्त्रियश्चैव मृगया च यथाक्रमम्। एतत्कष्टतमं विद्याच्चतुष्कं कामजेगणे मनु ७।५०

(२) हृत्सु पीतासो युध्यन्ते दुर्मदासो न सुरायाम्। ऊधर्न नग्ना जरन्ते। ऋक् ८।२।१२ (ऋक् ७।८६।६ मन्त्रको अर्थमायि लेखियो।

(३) यदत्र रिप्तं रसिनः सुतस्य—अहं तदस्य मनसा शिवेन सोमं राजानमिह भक्षयामि। यजुः १९।३५ यसको शतपथ १२।८।१।५ ले अशिवा एव।

(४) 'भक्ष यत्सुरा' सोमको अर्थसुरा पनि गौण अर्थमा हुन्छ। सोम राजालाई खान्छु, माथिका मन्त्रमा अलिकति सोमको रस पनि हालेर मदिरालाई नै यहाँ सोम राजा भनेको हो। जस्तै-यजुर्मन्त्र ६१४ मा गौणीवृत्तिले दहिलाई पनि सोम भनेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परक अर्थ नगरेकाले वेद सबैको श्रद्धा पात्र छ । हुनतः ज्ञानराशि वेदका १।२ मन्त्रमा भएपनि देखिदैन ता पनि त्यो तेस्तो अर्थ वेदमा छैन भन्न भयो । यजुर्मन्त्र[1] (१।४) मा दहि जमाउँन जोरन निति राखिने दहीलाई पनि सोम भनेको छ । शान्त वस्तुलाई पनि सोम भनिन्छ । यजु[2] मन्त्र (१९।२१) मा भुटेको धान, करम्भ, सातु; दूध र दही समेत सोमका रूप हुन् । आमिक्षा र मधु वाजिन् हविका रूप हुन् । यजु[3] मन्त्र (१९।७) मा 'दुइ स्थानमा हवन गरिने तिनी दुइ पदार्थ नमिसिनु । तिनी अशान्तिगर्ने सुरा हौ । यो दूध चाहिं सोम हो । मिसिएर हिंसा गर्न (विगार्न) हुँदैन । यहाँ दूधलाई सोम भनेको छ । मदिरा र दूध नमिसाउँने तर सोम र दूध मिसाउँने कुरा, क्षीर श्रीः (यजु ८।५७) ले भनेको हुँदा मदिरा र मुख्य सोम अलग पदार्थ हुन् भन्ने कुरा स्पष्ट हुन्छ । यजु (१९।३२) मा सौत्रामणी[4] यज्ञलाई सुरावान् भनेको छ । यजु[5] (१९।३३) ले सुरामा अनेक औषधि र सोमको पनि केहि अंश मिसा-

---

(१) इन्द्रस्य त्वा भागं सोमेनातनच्मि (यजु. १।४)

(२) धानाः करम्भः सक्तवः परीवापः पयो दधि । सोमस्य रूपं हविष आमिक्षा वाजिनं मधु (यजु, १९।२१) फाटेको दूवको चोक्टा आमिक्षा हो । झोल वाजिन हो ।

(३) नाना हि वां देवहितं सदस्कृतम् मासंसृक्षेथां परमे व्योमन् । सुरा त्वमसि शुषिणी । सोम एषमा हिंसीः स्वां योनिमाविशन्ती (यजु. १९।७) यहाँ शुषिणीको अशान्त र सोम (दूध) को शान्त अर्थ गरेको छ ।

(४) सुरावन्त बर्हिषदं सुवीरम् '(यजु १९।२२) एवं सौत्रामण्याः सोम संपति मापाघं' (महीधर भाष्य)

(५) यस्तै रसः संभृत औषधीषु सोमस्य शुभः सुरया सुतस्य । यस मन्त्रको शुभ शब्दले वलताई कहन्छ । सोमको पनि बल सुरामा छ, भन्ने कुराको उल्लेख हुँदा अचेल धार्मिक कर्म गर्दा एक घडा पानीमा एक तुर्को गङ्गाजल हालेर पवित्र गङ्गाजल माने जस्तै सुरा तयार गर्दा थोरै सोमलताको रस पनि राखेर सोम याग सरह मानेको जस्तो देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकको कुरा प्रकट गरेर उक्त (३२) मन्त्रको महीधर व्याख्यामा 'यसरी सौत्रामणी यज्ञलाई पनि सोमयागको रूप प्राप्त गराएर' भन्ने उल्लेख गरेको र धेरै मन्त्रमा सुरा शब्द र दही दूधलाई गौण अर्थ सोम झैं सुरालाई पनि गौण अर्थमा थोरै सोम रस मिसाएपछि कहिं-कहिं सोम पनि भनेको छ । तर ऋग्वेदमा सुरा-शब्द अति थोरै र सोम शब्द चाहिं सर्वत्र मुख्य अर्थमा नै देखिन्छ र सुरालाई यजुमा जस्तो गौण पनि अर्थ सोम भनेको नदेखिनाले प्रकाश र अन्धकार जस्तै सोम र सुरा अत्यन्त अलग पदार्थ हुन् । सोम शब्दको मुख्य अर्थ पर्वतमा पाइने लता नै हो, अचेल चिनेको वा भेटेको छैन ।

दयानन्द सरस्वतीजीले (यजु. १७।७) मा सुरा शब्दको सोमलता अर्थ गरेको छ । सुरावतम् (१९।२३) मा सोमलता छ । यस्तै रसः (यजु. १९।३३) मा सुरयाको दानशील स्त्रीले तयारे गरेको अर्थ गरेको छ । तर 'हृत्सु पीतासो (ऋक् ८।२।१२) मन्त्रमा उक्त पूज्य स्वामीजीले' सोमरस (रूत्सु पीतासो युध्यन्ते) पिए पछि पाकावस्थामासद्गुण उत्पन्न गर्दछन् । (सुरायां दुर्मदासो न) मदिरा पिए जस्तः दुर्गुण उत्पन्न गर्दैनन् भन्ने व्याख्या ऋग्वेद भाष्यमा भनेकोले सुराको मदिरा अर्थ गरेको छ र हानि गर्ने भनेकोछ । खोज ता गर्दै छन् । सोम रस र सुरा चाहिं अत्यन्त भिन्न पदार्थ हुन् ।

नेपालका वीर सम्सेर महाराजका समयमा सोमयाग गरेको थियो भन्दछन् पछि पनि गरे । सोमलता नपाएकोले त्यहीं यूतिकलताबाट[1] काम चलाएको कुरा अझैं गर्दछन् । मनुमा[2] आफ्ना परिवारलाई तीन वर्ष पुग्ने सम्पत्ति हुने गृहस्थले सोमयाग गर्नू । सो भन्दा कम सम्पत्ति हुने मान्छेले सोमयाग गरेछ

(१) सोमलताको प्रतिनिधि यूतिकलता । विद्याधर गौड, अग्निहोत्री । कात्यायन श्रौ० सू० भूमिका ।

(२) यस्य त्रैवार्षिकं भक्तं पर्याप्तं भृत्यवृत्तये । अधिकं वापि विद्येतत्स सोमं पातुमर्हति । (मनु० ११।७) अतः स्वल्पीयसि द्रव्ये यः सोमं पिवति द्विजः । सपीतसोम पूर्वोऽपि न तस्याप्नोति तत्फलम् (११।८) शक्तः परजनेदाता स्वजने दुःख जीविन । मध्वापातो विषास्वादः सधर्म प्रति रूपकः (११।९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भने सोमयागको फल पाउँदैन । सो यागमा धेरै खर्च लाग्ने हुँदा त्यसो भनेको हो । किन भने ? आफ्ना परिवारलाई पीर पर्ने गरी दान गर्नु (खर्च गर्नु) अनुचित हो भनेको छ ।

त्यहीं मनुले नै मद्यपानलाई[1] ब्राह्मण (विद्वान) को हत्या आदि पाँच महापाप मध्ये एक महापापमा गनेको छ । अन्न अथवा अरू नै फलफूल आदि कुनै पदार्थबाट बनेको भए पनि मात लाग्ने पदार्थ मद्य हो । भारतमा नशावन्दी भन्नाले मद्य निषेध मात्र गर्निदैन, धेरै ठाउँमा विशेष गरेर आसाममा अफीम खाने (कानी खाने) ले धेरै परिवारलाई बिगारेका छन् । त्यस्तै गांजा भांग चरेस पनि मद्यवर्गमा गनिन्छन् । तर मदिरा नै सर्वत्र फैलिएको र बस, रेल, मोटर दुर्घटना र लडाई झगडा काटाकाट गराउँने भैकन पनि माथिल्ला तहका प्रशासकहरूको प्रियपान भै प्रोत्साहन पाए र फैलन लागेको हुँदा त्यसैका बारेमा विशेष गरी लेखन लागिएको हो ।

---

(१) ब्रह्महत्या सुरापानं स्तेयं गुर्वङ्नागमः । महान्ति पातकान्याहुः संसर्गश्चा पि तैः सह. मनु । (११.५४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मद्यपानको इतिहास

वेदले नै मद्यपानको दुर्गुण बताएको कुरा माथि लेखियो। बाल्मीकि रामा[1]यण मनुआदि स्मृति र पुराणहरूले पनि मद्यपानलाई महापाप भनेको पनि माथि लेखियो। तापनि प्रशासक अधिकारीवर्ग नियम विरुद्ध आफु खुशी काम गर्ने पहिले पनि थिए, अहिले पनि छन्। त्यसै हुँदा यदुवंशीहरूको सर्वत्र त्रिजय भै अधिकार बढदै जाँदा मद्यपान बढदै गयो। विद्वान् ऋषि मुनिले मातेर काटाकाट गरेर मर्ने छन्, भनी भविष्यवाणी पनि सुनाए र ठूलो चर्चा भयो। मद्यपान वारेमा द्वारकामा सभा बसी ठूलो छलफल हुँदा अब देखि मद्य बनाउँने र पिउँने समेतलाई ज्या[2]न सजाय गर्ने भन्ने ऐन बन्यो, र झ्याली पिटियो। कुनै दिन सबै पुरुष वर्गले प्रभास तीर्थ जाने निर्णय भै, गए। स्नान दान भोजन भए पछि धेरै दिन रोकिएको मद्यपानको तृष्णा मेटे, र गफ गर्न बसे। रिस उद्दता हतियार चलाए। चार पांच मात्र बांकि रहे। हुनता त्यहाँ ब्राह्मणको श्रापनै यदुकुल नाशमा कारण बनाएको छ। तर श्राप र वरदान भन्ने पौराणिक भाषा वा थेगो, वा ब्राह्मण महत्त्व हो कि जस्तो छ।

बौद्ध संप्रदायममा पंचशीलको ठूलो महत्त्व छ। ती मध्ये गृहस्थका निम्ति पांचौ अपरिग्रहको अर्थ, सुरा मरैय प्रमाद स्थान[3] विहति मद्य वर्ग र जुवा आदि खेल्वाड त्याग्नु हो। तर मद्यपान गर्ने धेरै हुन्छन्। जैनीहरू ता अहिले

(१) नहि धर्मार्थं सिध्यर्थं पानमेव प्रशस्यते। पानादर्थश्च कामश्च धर्मश्च परिहीयते। वा०रा०यु० का (मनु ११।५४)

(२) अघ प्रभृति सर्वेषु वृष्ण्यन्धक कुलेष्विह। सुरासवो न कर्तव्यः सर्वे नगर वासिभिःयश्च नोविहितं कुर्यात्सुरापानं नरः क्वचित्। सज.वन्शूलमारोहेत् स्वयं कृत्वा सवान्धवः। अवर्तत महापानं प्रमासे तिग्मतेजसाम्। (महाभारत मौशल पर्व अ. (५।१५) तेषां मेरैयदोषेण विषमीकृतचेतसाम्। निम्लोचति खावास्त्रीद्वेषनामिव मर्दनम्॥ (श्रीमद्भगवत स्कं ११।अ-३०) चतुः पंचावशेविताः।

(३) आचार्य नरेन्द्रदेवकृत बौद्धदर्शन। सुरामैरेयप्रमादस्थान विरतिः।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्म पनि मद्यपान गर्दैनन् । बौद्ध सम्राट अशोकका शिलालेखमा पनि मद्यपान निषिद्ध मानिएको छ । इस्लाम संप्रदायले मद्यपान निषिद्ध मानेको प्रसिद्धै छ । सिख संप्रदायले पनि निषिद्ध माने । सन् १३२० मा अला[1] उद्दीन खिलजीको र त्यस पछि अरू कतिपय मुस्लिमको शासनकालमा पनि मद्यपान निषिद्ध मानिन्थ्यो सिख्ख संप्रदाय प्रवर्तक आद्य गुरू नानकले पनि भनेको छ कि-"भांग मछली महुलो सुरापान जे जे प्राणी खावें । करम धरम जितने किये सभो रसातल जावें । (लोकालोक पत्रिका सन् १९७० जनवरी वर्ष ९) अंक १० पृष्ठ १४

यसरी धार्मिक स्तरबाट समेत मद्यपानलाई हानिकारक ठहराई निषिद्ध मानिदै आएको हो । सरकारी स्तर बाहिं कहिले खुकुलो गर्छ, कहिले कडा गर्दछ । किन भने ? मनुष्य समाजमा थोरै मानिस अनेक कष्ट भोगेर पनि नैतिक व्यवहार गर्ने हुन्छन् । थोरै मानिस चोर डाकु हत्यारा ठग र बदमास हुन्छन् । अरू सबै मानिस साधारण हुन्छन् । बदमास मानिसको नेतृत्व भएमा धेरै मानिस त्यसैबाट प्रभावित भै कुबाटोमा जान सहायक बन्दछन् । जस्तै हिट्लरको समयमा धेरै सहायक तेस्तै भएकाले यहुदी मास्ने अभियान चलाए । स्तालिनले र इदी अमीनले निर्दोषलाई पान मारे । उत्तम मानिसको नेतृत्व भएमा धेरै जसो सहायक पनि उत्तमै हुन्छन् । सबै तिर सुविधा दिने चेष्टा गर्दछन् ।

बखत बखतमा विदेशी यात्री आए, मद्यपान बारेमा के देखे ? फाहियान[2] ई० सन् ३३९, मेगस्थनीज ई० पू० ३२१ देखि वास्कोडिगामा ई० सन् १६४८ सम्मका यात्रीहरूले बजारमा मदिराको खुला पसल देखेनन् । मद्यपानलाई साधारण मानिसले पनि घृणा गर्दथे । भन्ने कुरा भ्रमण वृतान्तमा लेखे । भारत नेपालमा कहिले देखि मद्यपान बढ्यो ?

ईसाई संप्रदायमा मद्यपानको निषेध देखिदैन, मात्र होइन, कुनै हिन्दुलाई ईसाई भनाउँदा मदिरा र गाइको मासु खुवाएर नाम पनि बदली दिए । यी तीनै

(१) भारतमें मद्य निषेधका इतिहास । ले सुशीला मायर, महामन्त्री नशावन्दी परिषद् ।

(२) उक्त इतिहास ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुराबाट महात्मा[1] गान्धीलाई ठूलो चोट परेको उल्लेख वहाँले गर्नु भएको छ। चर्चमा समेत मद्यपान गर्दथे। त्यसो भएता पनि भारतीय भावनाका प्रभावले होला, सन् ६९ मा बम्बईमा ईसाइ पादरी विज्ञहरूको सम्मेलन भयो, जसमा १२ सूत्री[2] कार्यक्रम स्वीकृत गरियो। तो मध्ये जुता खोलेर प्रार्थना गर्नु—१ चर्च (धर्म मन्दिर) मा उत्सव गर्दा मद्यपान नगरी अरू नै पदार्थ पिउँनु–२ इत्या[3]दि थिए।

भारतमा अंग्रेजी शासन भएपछि नयाँ पठन पाठनमा धर्मका नामबाट हुने विकृतिमात्र हटाउँने प्रक्रिया बढनु पर्नेमा अति प्राचीनकालदेखि चलेको नैतिक व्यवहारमा पनि अति शिथिलता बढदै गयो। सन् १७७० को आरम्भमा नै पहिलो पल्ट इष्ट इण्डिया कम्पनीले मादक पदार्थको ठेक्काबाट आबकारी नियम बनाई सो लागू गर्न पुलिसहरू सर्वत्र भर्ति गरिए। सरकारका निम्ति मद्यपान कामधेनु गाईको सरह बनेर बढदै गयो।

भारतमा प्रत्येक प्रान्तमा मद्यबाट प्रति वर्ष ३०।३५[4] करोड देखि ५० करोड भन्दा बेसी नै रूपियाको आमदानी भएको बुझिन्छ। अर्को कुरा मद्य

---

(१) एक नामी हिन्दु के ईसाइ होनेकी बात सुनी, उसे ईसाइ धर्ममें प्रवेश कराते समय गोमांस खिलाई गई, और शराब पिलाई गई। मनने कहा कि जिसके लिए गोमांस खाना पडे, शराब पीनी पडे, वह धर्म कैसे माना जा सकता है।
गान्धी आत्म कथा, भाग १, अ० १०, शीर्षक–धर्मकी झांकी।

(२) लोका लोक पत्रिका—सन् १९७० जनवरी।

(३) तर अहिले सन् ६०।६१ सम्म पनि ईसाइ गोरा पादरी जम्मा भएका ठाउँमा मद्यपान गरेको बुझिएकाले १२ सूत्रीको मद्यपान निषेध भारतीय ईसाइ चर्चमा हो कि जस्तो बुझिन्छ।

(४) पंजाबमा सन् १९७६–७७ मा आय रु० ३८ करोड ८८ लाख ५३ हजार ४० भएको थियो। मुक्ता पत्रिका सन् १९७८ फरवरी। ड्राईवरले भारतमा बस चलाउँदा सइनदीमा पुल भत्काई खस्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्माणमा र बेच बिखनमा लाग्ने लाखौं मानिसहरूको जोविका चली रहेको छ। भारतमा मद्यपान गर्ने कतिपय नेताहरूले र १।२ अरूले पनि तेत्रो ठूलो राष्ट्रिय आयमा घाटा पर्ने र धेरै परिवारको जीविका हराउँने तर्क दिन्छन्। तापनि मद्यपानबाट बर्बाद भएका हजारौं लाखौं परिवार तर्फ र मद्यपानबाट भएका दुर्घटना[1] तर्फ समेत दृष्टि दिने बरिष्ठ नेताहरूले चाहिं पाकेटमार, ठगी, चोरी, डकैती, अवैध व्यापार आदिबाट पनि हजारौं परिवारको जीविका चलेको र तिनलाई दण्ड सजायबाट पनि केही आय हुने हुँदा त्यसलाई पनि वैध मान्ने वा शिथिल गर्नु पर्ने हो कि कसो हो ? भन्ने तर्क दिने मानिस पनि छन्। हिटलरले कुल्ली परिवारलाई मद्यपानले विचल्ली पारेको कथा मेरा संघर्ष (हिन्दी अनुवाद) मा लेखेको छ। हत्ता पुगेपछि तिर्ने कबोल गरेर स्वास्नीले खाद्य वस्तु उधारो गरेर परिवारलाई खुवाई लोग्ने मातेर आयो। उधारो तिर्न पैसा माग्दा हत्ता भरि मद्यपानमा खर्च गरेको हुँदा स्वास्नीलाई भकुरी दियो। यस्तै कारणले होला हिटलर मद्यपान गर्दैनथे। इन्दिरा गान्धी[2] रूस जाँदा भारतीय भोजमा मद्यपान नगराइने नियम हुँदा गराएन। रूसको सर्वेसर्वा ब्रेजनेभले पनि मद्यपान गर्नु भएन।

इन्दिराजीले चुनावको प्रचारमा जयगुरुदेवका साथ भेट गर्दा हाम्रा[3] परि-

(१) वेलायतकी एक स्त्रीले ७ महिनाको बच्चालाई काखमा सुताएर गई मद्यपानमा मस्त भई बालक कराएको सुने, ढोका बन्द हुँदा अरूले हेर्न पाएनन्। अर्को दिन आउँदा बालक मरी सकेछ। 'गाली चलानेका आदेश शराबमें बुरी तरहसे धुत एक अफसरने दिया। (मुक्ता जुलाई प्रथम ७८ सन्)।

(२) भारतीय भोजमें जहाँ नियम है कि शराब नहीं पिलाई जाती है। ब्रेजनेभ खुद शराब नहीं पीते। ब्रेजनेभको सिग्रेट पीना मना है। (दिनमान सन् ७६ जून २० का २६ पृष्ठ १७)।

(३) उनके परिवार ने बहुत पहलेसे ही मांस मदिराका सेवन बन्द कर रखा है। इन्दिरा गान्धी सन् ७९।२७ नवेम्बर। दिनमान ७९–२० डिसेम्बर ३० जनवरी ५ तक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वारैले मांस मदिरा त्यागेको छ भन्नु भयो। राजनैतिक पार्टी मध्ये कम्युनिष्ट[१] पार्टी धर्म नमान्ने र धर्मलाई अफीम भन्ने हो। त्यसले पनि मद्य निषेध कार्यक्रम समेत राखेको थियो। भारतको कांग्रेस[२] पार्टी धर्मनिरपेक्ष थियो, तापनि मदिरा बेच्ने दुकानमा मदिरा बेचन रोक्न धरना समेत गर्न लगायो। भारतले स्वतन्त्रता प्राप्ति पछिको १९४७ को संविधानमा[३] यो आशय प्रकट गरेको छ कि 'चिकित्सासम्बन्धी काम बाहेक सम्पूर्ण मादक पदार्थमा पूर्ण प्रतिवन्ध लगाउँनु पर्दछ। जवाहर[४] लाल नेहरूले पनि भन्नु भयो कि मद्य निषेधबाट अहिले र पछि पनि जनतालाई लाभै छ।'

मद्यपान कहिले देखि बढ्यो ?

ईसाई संप्रदायमा मद्य निषेध नभएको माथि लेखियो। त्यसै हुँदा होला अंग्रेजको शासनकाल देखि विस्तारै बढन थाल्यो। जब सम्म भारतीय र नेपालीहरू मध्यकालको संस्कार अनुसार उनलाई म्लेच्छ मानेर छुन नहुने भै सानु जात ठहराउँदै थिए। तब सम्म उनको दुर्व्यसन हामीमा सर्न सकेन। हामीमा

(१) सोवियत संघकी कम्युनिष्ट पार्टीका इतिहास। सन् १९४९ मा प्रकाशित। 'हिन्दी उस समय ४ कांग्रेसे हुई। चौथी मद्य निषेध की'।

(२) १९२१ में अहमदाबाद में भारतीय राष्ट्रिय कांग्रेस के अधिवेशनमें पारित प्रस्ताव क्रमांक दो में कांग्रेस सभी से अपील करती है कि पूर्ण मद्य निषेधके कार्यमें सहायता दें १९३०–३१ में शराबकी दुकानों पर प्रदर्शन किए, और धरने दिए, मद्य निषेधका इतिहास।

(३) संविधानके भाग ४ की धारा ४७ में 'मादक और नशीली' औषधियों के जो स्वास्थ्यके लिए हानिकारक हैं प्रयोगका निषेध हो। उनके अतिरिक्त कि जो चिकित्सा के कामकी हों मद्यपानका इतिहास, डा०सुशीला नायर। महामन्त्री, नशाबन्दी परिषद।

(४) मुझे इस बात में सन्देह नहीं है कि हमारे देशकी जनताको मद्य निषेधसे वर्तमान और भविष्यमें भी लाभ ही होगा (भारत में मद्य निषेधका इतिहास, ले० सुशीला नायर। महामन्त्री नशाबन्दी परिषद्)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठूला हौं भन्ने उच्च भावनाका साथै मद्यपान गर्नेलाई बहिष्कार जातिच्युत गर्ने चलन थियो । त्यसैले पनि बढन सकेन । अंग्रेज प्रशासकका साथ घनिष्ठता बढदै गएं पछि आफुमा हीन भावना र उनमा उच्च भावना बढदै हामीमा उनका दुर्गुण पनि बढदै गएर मद्यपान, परस्त्रीका साथ नाच्ने उनले जस्तै जस्तै जुनसुकै जन्तुको पनि मासु खाने चलन यहाँको मानिसमा पनि बढदै गयो । तर उनका अनेक सगुण थिए । जुन मध्ये सेयर (रुपयाँको भाग) उठाई कम्पनी खडा गरी त्यसको लाभांश इमान्दारी साथ सेयरवालालाई बाँड्ने चलन छ । जसबाट देश विदेशमा कम्पनी खडा गरी अनेक संस्थाद्वारा लाभांश पाइरहेका छन । हामीहरू अझै पनि साझा बाझा भन्दैछौं । सेयरवाला चाहिं नाफा खाने चुस्को साउँ पनि फुत्क्यो, भएका देखिदैछन् । वास्तवमा यूरोप, अमेरिका, आस्ट्रेलिया आदि विकसित देशमा मद्यपानको निषेध गर्ने अनेक संगठन छन्, प्रचार गर्दछन् ' महात्मा गान्धी वेलायतमा पढन वस्ता धार्मिक चर्चा गर्ने मद्यमांस विरोधी संगठनका सदस्यहरूका साथ सत्संगत भै गीता उपनिषद् धम्मपद आदि ग्रन्थहरूको र अन्य ईसाई इस्लाम संप्रदायका वाइवल कुरान आदिको अध्ययन गरेको कुरा वहाँको आत्मकथामा छन् । त्यसो हुँदा दिनमा कडा काम गर्ने र रातमा क्लबमा वा घरमा पिउँने पनि गर्दथे । मद्यपान नगर्ने संगठनमा सम्मिलित पनि धेरै हुन्छन् । हाट बजारमा मातेको मान्छे भेटेमा पुलिसले रक्सी पीडित मान्छे राख्ने अस्पतालमा लान्छन् । मद्यबाट ज्यादै रोगी भै सकेकालाई स्वयम्सेवकले लगी उपचार गराई मद्य छुटाउने चेष्टा गर्दछन् । भारतमा पनि मादक द्रव्यपान विरोधी कांग्रेस आदि व राजनैतिक संगठन र आर्थिक सामाजिक धार्मिक संगठन सर्वोदय आदि असंख्य छन् । ती वाहेक जैन वैष्णव, शैव, कवीर पन्थ, आर्य समाज, सनातन धर्म आदि असंख्य संप्रदाय, संघ र संगठनहरूले नशाबन्दी बारेमा काम गरी रहेकै छन् । पोठाधीश शंकराचार्य आदि पनि प्रचार गर्दछन् ।

यसरी राजनैतिक नेता तिलक, गोखले, महात्मागान्धी, जवाहरलाल नेहरू, लालबहादुर शास्त्री, इन्दिरा गान्धी, मुरार भाई देसाई आदि नेताहरूले मद्यपानको विरोधमा प्रचार गरे । धेरै नेता प्रधान मन्त्री पनि बने, किन नशाबन्दी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्न सकेनन् ? भन्ने शंका हुन्छ । तर ११ प्रान्तमा कांग्रेसी सरकार बनेका समयमा मद्य-निषेध लागू गरिएको थियो । १९३९ मा द्वितीय विश्वयुद्धको आरम्भ हुँदा कांग्रेस सरकारले त्यागपत्र दिए । सन् ४७ मा स्वतन्त्र भए पछि फेरि बम्बई, मद्रासमा मद्य निषेध लागू भयो । अन्यत्र प्रयत्न भए । सन् ५५ मा कांग्रेस महासचिव श्रीमन्नारायणको अध्यक्षतामा बसेको समितिले कर्मचारी-हरूको आचार संहितामा मद्यपानलाई दण्डनीय अपराध मानिनु पर्दछ, मद्यको दुकान तीन वर्ष सम्ममा बन्द गरिनु पर्दछ । दुकानमा मद्यपान गर्न दिन हुँदैन इत्यादि कुरा स्वीकृत गरी पेश गरियो । झन् मुरार[1] भाई देसाई प्रधान मन्त्रीले ता 'चार वर्षों में पूर्ण नशाबन्दी के लिए कार्यक्रम तयार किया जा रहा है, सरकार रहे या जाय लेकिन नशाबन्दी जरूरी है । जो शराब पीता है अपने तो बरबाद होते ही हैं, अपने परिवारकी भी बरबाद करते हैं । शराब पीना समाज-विरोधी कृत्य है । नशाबन्दी से नई पीढ़ीका उद्धार होगा' भन्नु भयो । तर इन्दिरा सरकारले सत्ता पाए पछि जनता[2] सरकारले लागू गरेको नशा-बन्दी तोडी दियो । जसबाट पिउनेले खुला पिउने भए, प्रोत्साहन मिल्यो सर-कारी आय बढने भयो । मद्यपान रोके पनि पिउनेले छोडदैनन्, आय पनि घट्दछ, भन्ने तर्क उचित छैन । रोक लगाउंदा नया जडाहा रक्स्याहा बढन कम हुन्छ । पुराना पनि गुप्त रूपमा गर्दछन् । यो अनुचित काम किन गऱ्यो ? उत्तर देशव्यापी कुनै काम गर्नु पर्ने हुन्छ । जनताको हित निम्ति नशाबन्दी गर्दथ्यो । अब खुलाउंदा भारत सरकार सहित र अपठित समेत जडाहा गुण गान गर्ने भए । कुनै तरहले पनि देशव्यापी चर्चा चल्दै रहने काम गर्दै रहनु पर्दछ । दुवै तर्फ विरोधी र समर्थक स्तुति कर्ता पाइन्छन् । लाभ र हानिको व्याख्या चल्दै रहन्छ । वास्तवमा इन्दिरा गांधीको यो कदम अति हानिकारक

(१) दैनिक आज पत्रिका अक्टुबर १ शीर्षक—सरकार रहे या जाय नशाबन्दी होकर रहेगी । नई दिल्ली २९ सितम्बर । प्रधान मन्त्री, मुरार भाई देसाई ।

(२) सरिता पत्रिका, (अंक प्रथम सन् १९८१ मई) शीर्षक—नशाबन्दी तोड़ना अविवेकपूर्ण कदम पृष्ठ ११।१२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो । वास्तवमा धेरै जसो नेता गान्धीजीका कड़ा नैतिक नियममा परेका मद्य-मांसबाट अलग भएका नै थिए । तर अरू पनि निर्वाचित सदस्यहरू संसदमा पुगे । सरकारी प्रशासकहरू र नया मन्त्री र सदस्य मध्येका कैयौं मान्छे धेरै मौज खोज्दा सुरा सुन्दरी तर्फ आकर्षित भए । एक थरी चाहीं आफु पनि मद्य-पान नगर्ने र गरीब जनतालाई पनि मद्यको दुष्परिणामबाट बचाउन खोज्ने भए । पल्केका अर्को थरी नशाबन्दीमा भाँजो हाल्ने भए । अर्को कुरा भारत स्वतन्त्र हुनु भन्दा पहिले ७ सय रियासत थिए । तिनका राजा रजौटा मध्ये कयौं ता पुरानु परम्परा अनुसार नियमित व्यवहार गर्दै प्रजा पालन गर्दथें । भारत स्वतन्त्र गराउन समेत क्रियशील पनि थिए । ती वाहेकका राजा रजौटाहरू ब्रान्डी रण्डी शब्द जपी रहने थिए । वहांहरूका छोरालाई नेपालका नामी जन-रलकी छोरी दिंदा संधीका साथ जो शर्त गर्नु पर्दथ्यो, त्यस समयमा यो लेखक पनि थियो । तिलक नामबाट नगद दिनु पर्दथ्यो । त्यो बाहेक अढाई तीन सय जन्तीलाई तीन दिन यथेच्छ भोजन र मनोरन्जनका लागि रण्डी नाच र ब्राण्डी-पानको कवोल वरपक्षले गराउँथे । एक जनरलको छोरोको विवाह लखनौमा भयो । जसमा ती शर्त पूरा गरिए । अर्को विवाह वाराणसीमा भयो । त्यस विवाहको बोल कवोलमा वरपिताजी १ लाख नगदवाट ४० हजारमा झर्नु भयो श्री माधव संसेर जनरल साहबले चाहिं १५ हजारको चेक काटेर यो विवाह खर्च हो भन्दै भावी संधीका हातमा राखी दिनु भयो । वरपिताले गाडी रिजव-का लागि ५ हजार र रण्डी ब्राण्डी समेत शर्तमा राख्नु भयो । श्री माधव सम्सेर जनरल साहबले विहा खर्चका लागि नै १५ हजार दिई सकेलाले अरू खर्च दिइदैन । रण्डी ब्राण्डीमा पनि हामी हिन्दू हुनाले र हिन्दू धर्ममा निषिद्ध हुंदा समेत एक पैसा पनि खर्च गर्नु महापाप हुँदा खर्च गर्न सकिदैन । तपाईले पनि हिन्दू हुनाले छोराको वारेमा मोल-तोल गर्नु, रण्डी, ब्राण्डीमा खर्च गर्नु, गराउनु अनुचित हो । यस्तै गरी भारतका धेरै जसो राजा रजोटाहरू रण्डी ब्राण्डीबाट आफ्नु काम आफुले नगरी देवानको मात्र भर पर्ने गरेबाट समेत रसातल पुगे, पुग्दैछन् । जनताले पनि यस्तै अनैतिक व्यवहार बढेको देखेर नीच दृष्टिले हेर्दै पतित ठहराउँदै छन् । जनताका दृष्टिमा राजपरिवारका मान्छेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नैतिक स्तर गिर्नु आफ्नु काल नगिच बोलाउनु जस्तो हो इत्यादि भाव प्रकट गर्नु भयो । जनरल साहबको प्रभावशाली बोलीबाट संधोले र देवानले समेत प्रभावित भै अरु बात नवढाई भन्नु भयो कि हाम्रा नातादार राजा रजौटा रण्डी ब्राण्डी नभएमा विहामा सम्मिलित हुँदैनन् । त्यसो हुँदा म आफ्नै तर्फबाट पनि खर्च गरेर रण्डी ब्राण्डीको प्रबन्ध गर्छु, भन्नु भयो, जनरल ज्यूले मन्जुर गरे अनुसार गरियो १।२ रजौटा मद्यपान गरेर मातेर रण्डी नाच हेरेर बसेका देखिए । मद्यपानबाट एक्का वर्गा चढ्दा धुलामा लरवर गर्दै लड्दथे । बोली लटपटिएको थियो । उनलाई हामोले घुलेराजा भन्दथ्यौं । त्यस्तो चाला अखवारमा मात्र देखेथ्यौं । प्रत्यक्ष देख्ता छक्क पर्‍यौं ।

पाकिस्तानमा[1] मद्यपान पूर्णरूपले सरकारो स्तरबाट निषिद्ध मानेर इस्लामावादमा विदेशी गण्यमान्य व्यक्तिहरूलाई बोलाएर सुनाइयो । "पाकिस्तान में पूर्ण मद्य निषेध है फाइव स्टार होटलों में साफ लिखा देखा गया—शराब केवल बिदेशी अतिथियों के लिए है मुसलमानों के लिए नहीं ।'

यसबारेमा नेपालको इतिहास विचित्र छ । नेपाल देशका राजा शाहवंशमा नामी द्रव्यशाह, रामशाह, राष्ट्र निर्माता श्री ५ पृथ्वी नारायण शाहको शासनकालमा स्वदेशी वस्तुको व्यवहार गर्ने बारेमा पृथ्वी दिव्योपदेशले स्पष्ट उल्लेख-गरेको छ । तर खानपान के के गर्थे ? भन्ने बारेमा विशेष संकेत पाइदैन । तापनि पृथ्वी दिव्योपदेशमा नै प्रजाले रोजेको मानिसलाई कज्याई दिनु भन्ने कुरा शास्त्रले भनेकोले विराज बखैतीलाई दिन मन थियो ता पनि कालु पाण्डेलाई दिएँ भनेकोले शास्त्रअनुसार काम गर्ने निश्चय देखिदा मनुस्मृतिमा[2] ब्राह्मण क्षत्रिय

(१) इस्लामाबाद २७ जनवरी । पाकिस्तानने कल विदेशी राजनयिक को बुलाकर उन्हें देश में मद्य निषेध लागू होने की सूचना दी । अब से सरकारी समारोहो में मृदु पेय ही दिया जायगा । इस्लाम धर्म के अनुसार गत वर्ष से पाकिस्तान में मद्य निषेध लागू कर दिया गया है अब गैर मुलसमानों को ही अल्कोहल बेचा जाता है । 'आज' पत्रिका सन् १९७८ जनवरी २८ ।

(२) सुरा वै मलमन्नानां पाप्मा वै मलमुच्यते । तस्माद् ब्राह्मण राजन्यो वैश्यश्च न सुरां पिवेत् (मनु ११।९३) पानमक्षा स्त्रियश्चैव (मनु ७।५०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैश्यले मदिरा पिउन हुँदैन । किनभने मदिरा पिउन खाद्य पदार्थको मल (विकार) हो, वि+१रले पाप बढाउँछ भनेको छ । सुरा सुन्दरी जुवालाई कडा दुर्व्यसनमा मनुले गनेको कुरा माथि लेखियो । यी तीन कुरा एक प्रकारका शत्रु मारने राजनीति वा अर्थनीतिमा समेत बुद्धिमान मानिसले उपयोग गर्ने गर्थे । जस्तो दुर्योधनले जुवाबाट पाण्डवलाई हराएर अलिक वर्ष सम्म निष्कण्टक राज्य भोग गरेथे । धन जगा लिनु परेको छ, अथवा विपक्षको बुद्धि बिगार्नु परेको छ भने आफुले पिए जस्तो गर्नु विपक्षीलाई सत्कार गर्दै मत्याउनु पनि बारम्बार गर्दा विपक्ष आफै समाप्त हुन्छ । आफ्नु उन्नति र शत्रुको अवनतिनै ठूलो[1] राजनीति हो, पनि भनेको छ, इत्यादि कारणले ब्राह्मण क्षत्रिय वैश्यले मद्यपान पटक्कै नगर्ने गर्थे, मतवाली जातले पाएको भनी मद्यपान गर्दथे, ता पनि तिनमा पनि मद्यपान पटक्कै नगर्ने पनि थिए । अझै पनि छन् । त्यसै हुंदा मद्यले प्रोत्साहन पाएनथ्यो । राणा शासनकालमा शासन हत्याउन जघन्य हत्या पनि गरे, कुनै कुनै गुप्त रूपले पिउथे[2], सबै पिउदैनथे । त्यसैले मद्यपान गर्न प्रोत्साहन थिएन । तर पनि अनैतिक व्यवहार रोक्ने कुनै संस्थाहरू पनि थिएनन् । पाठशाला, पुस्तकालय आदि पनि खोल्न पाइदैनथ्यो । श्री युद्ध सम्सेरको पाला देखि शिक्षा प्रचार सम्म खुला भयो ।

---

(१) आत्मोदयः परं ज्योतिर्दयं नीति रितीयती । माघ काव्यसर्ग २

(२) कविताको आराधना । बालकृष्ण सम । जिजु बुवा—डमर सम्सेर जनरल पिउनु हुन्थ्यो ज्यादै नै ।

(जून प्रथम) मुक्ता पत्रिका । सन् १९८१ जून । शीर्षक—पूर्ण मद्यनिषेध तथा कठोर दण्ड । श्री राम जेठ मलानी नामक भारतीयले राष्ट्रपति जियाउल हकका साथमा भारतीय दूतावासमा "अधिक सुविधा की माग को तो वह (जिया) बोले—शराब को छोड़ कर जो भी सुविधा चाहे ले लो," भन्ने उत्तर दिएको हुदा भारतीयलाई पनि मद्यपानबाट बचाउन चाहेको बुझिन्छ । (उक्त मुक्ता पत्रिका पृष्ठ २८) तर नेपाली दूतावासमा मद्यपान निषेध छ कि खुला ? बुझ्न सकेको छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहाँ नेताहरू र मद्यपान

०७ साल देखि सबै कुरा खुला भयो । जातीय बहिष्कार आदि सामाजिक व्यवस्था शिथिल भयो । नेपालका राजनैतिक संस्था संगठनहरूले मद्य निषेध कार्यक्रम राखेको देखिएन । नेताहरू मध्ये थोरै मात्र मद्यपान नगर्ने देखिए । प्रशासकहरू, नेताहरू र शिक्षकहरूले पनि उत्सवहरूमा मद्यपान गर्ने हुँदा शहर बजारमा र शिक्षित वर्गमा पनि बढदै गयो । अरू विभाग छोडि दिउँ । शिक्षाको ठूलो मुहान विश्व विद्यालय मानिएको छ । ०३० साल सम्म त्यसैका प्राध्यापक-हरूको र उच्च प्रशासकहरूको प्रीति भोजमा सम्मिलित हुँदा खुला मद्यपान देख्न पाइयो । मद्यपान नगर्ने थोरै मात्र थिए । ०३० साल सम्म कोशी अन्चला-धीशजीको प्रीति भोजमा मद्यपान खुला देखियो । मद्यपान, जुवा र वेश्यावृत्ति सामाजिक रोग हुन् । साथै धन खर्च गराई दरिद्र समेत गराउने हुँदा आर्थिक घुन पुत्ली सरह पनि हुन् । नेपालको ठूला होटलमा उक्त तीनै कुरा चालू देखिदै-छन् । गत मार्ग ६ गते पीमकोरले ठूलो भोज पिण्डेश्वर मन्दिरको क्षेत्र भित्र गराए, जसमा शिक्षक-शिक्षिका कतिपय, छात्र-छात्रा र स्थानीय नेताहरू थिए । जहाँ मद्यपान र बोल्डांस पनि खुला थियो । (०३६ मार्ग २६ गते गोर्खापत्र) यो कुरा अरू पत्रिकामा पनि प्रकाशित थियो । त्यो कुरा स्थानीय शिक्षक र छात्रहरूले पनि देखे । उत्तरोत्तर छात्र छात्रामा पनि सर्दै छ । कुनै कुनै नेपालका ठूला मठका महन्त मद्यपानबाट मातिरहेका पनि भेटिरहन्छन् । गुठी संस्थानले नेपालका कुनै संप्रदाय संन्यासीलाई दर्वन्दीमा हुँदा रक्सी र भेडो पनि दिनु पर्दछ अरे । यो अति आश्चर्य हो । नेपालको सिन्दूर सिनेमाले मद्यपानको दुर्गुण प्रकट गरेकोमा धन्यवाद दिन सकिन्छ । ०३६ साल फाल्गुण २७ गतेको राज-पत्र[१] (गजेट) को दफा चारमा "विद्यालयको समयमा बारम्बार मादक पदार्थ

(१) ०३६ साल फागुण २७ गते श्री ५ को सरकारद्वारा प्रकाशित राजपत्र भाग ३ खण्ड २१ संख्या ४६ शिक्षा मन्त्रालयको सूचना । संख्या १८।४७ क, नोकरीबाट बर्खास्त गर्ने । देहायको अवस्थामा कुनै शिक्षक वा कर्मचारी-लाई····नोकरीबाट बरखास्त गर्न आदेश दिन सक्ने छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सेवन गरेमा'' शिक्षकलाई वरखास्त गर्न सकिने कुराको उल्लेख देखियो । तर त्यो दफा अति कमजोर हुंदा कुनै काम गर्न नसक्ने देखिन्छ । तेति मात्र होइन, मद्यपानलाई तेस दफाले बढावा समेत मिलेको देखिन्छ । कसरी भने ? विद्यालयको समयमा वारम्वार सेवन गरेको लेखिएको हुँदा वेलुका मात्र मद्यपान गर्ने शिक्षकले पनि विद्यालयको समयमा एक पल्ट पिउन बाधा देखिदैन । विद्यालयको समयमा मादक पदार्थ सेवन गरेको बुझिएमा भन्ने लेखिएको भए केही काम गर्न सक्तथ्यो । वास्तवमा मद्यपानको प्रोत्साहन घटाउने हो भने मादक पदार्थको सेवन गरेको बुझिएमा वरखास्त गर्ने भन्ने उल्लेख हुनु पर्दथ्यो । नेपालमा मद्यपानको प्रचार उत्तरोत्तर बढदै गएकोले अवता आफ्नै साथी भाइ छोरा, भतिजा, पत्रकार वर्गवाट, पुराना र नयाँ नेताबाट र प्रशासनबाट समेत मद्यपानको दुर्गुण प्रकाशित गर्न डराउने अवस्था आई सकेको छ । केहि दिन अघि सम्म महाकाल मन्दिर दक्षिणमा मद्यपानको विज्ञापन ठूला अक्षरमा सर्वोच्चानन्द इत्यादि लेखेको देखिदै थियो । यो पनि ठूलो प्रोत्साहन हो ।

संप्रदाय संस्कार र जातीय संस्कार

संप्रदाय संस्कार—यद्यपि राजनैतिक पार्टीहरूले र प्रशासकहरूले पनि मध्यकालका संस्कारले सांप्रदायिक झगडा भएको देखेर होला मठ मठाधीशको र कसैले त सर्वोदय संघ सम्मको पनि भारतमा नराम्रो आलोचना गरे । वास्तवमा त्यो एकतर्फी मात्र हो, बुझेर गरेको होइन । उनले मद्यपान आदि अनेक दुर्व्यसन हटाउने आदि असंख्य काम गरिरहेका छन् । जुन काम सरकारले गर्न सकेका छैनन् । हुनता तान्त्रिक संप्रदाय पंचमकारलाई मान्यता दिने पनि थियो भन्ने पनि सुनिन्छ । र त्यसैको अवशेष होला, नेपालमा कैयौं देवतालाई पनि चढाउँछन् । सप्तशती[1] रहस्यमा मासु मदिरा चढाउनु पनि भनेको छ । तर ती

(१) रुधिराक्तेन वलिना मांसेन सुरया नृप । सप्तशती रहस्य वैकृतिकम् ।
श्लो० २८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सब मांस मदिरा भोजोका निम्ति मात्र हुन् । सात्विकी पूजा नै सबैका निम्ति उत्तम हो । सप्तशतीको तेस्रो अध्यायमा महिषासुरका साथमा लडदा देवीले महिषासुरलाई ए मूर्ख । म मधु पिएर तँलाई मार्नेछु, तब देवताहरू खुशी भै गर्जने छन् । भन्नु भएको कुरा देखाएंर जडाहा रहस्याहाहरू नाक फुलाउँछन् । त्यो इतिहास होइन, भन्ने कुरा देवीको उत्पतिबाट स्पष्ट हुन्छ । चामुण्डाले सातौं र आठौं अध्यायमा राक्षसलाई चबाएको रगत पिएको देखेर अचेल पनि तेसो गर्नु हो कि ? वास्तवमा ता अति अन्याय गरेपछि त्यसको फल अति भयंकर हुन्छ भन्ने कुरा त्यसबाट प्रकट गरेको मात्र हो । अथवा अरू नै आशय पनि हुन सक्छ । ती मध्ये बौद्ध सांप्रदायको संख्या नेपालमा धेरै नै छ, बौद्ध भिक्षुहरूको पंचशील व्याख्या बखत बखत सुन्न पाइन्छ । तर मांस मद्यबाट अलग रहेका बौद्धमार्गी सारै कम होलान्, जैनी मुनिहरू उसै पंचशीलको अणुव्रत नामबाट व्याख्या गर्छन् तर सबै नै मद्यमांस त्यागेका हुन्छन् । उपदेश र व्यवहारमा फरक छैन । त्यस्तै वैष्णव शैव नेपालमा समेत कबीर, जस्मनी आदि अनेक सांप्रदायले नै अहिले सम्म मद्यपान जस्ता अति दुर्व्यसनको मारबाट नेपाल भारतका असंख्य परिवारलाई बचाई राखेका छन् । त्यसैले वैदिक साहित्यले महाव्रत नाम राखेको थियो । महात्मा गान्धीले अफ्रिकाको टालस्टाय र भारतको शाबरमती आश्रममा त्यसै नामबाट सो नैतिक कार्यक्रम लागु गर्नु भयो । हाल सर्वोदय आश्रमहरूद्वारा सो कल्याणकारी कार्यक्रमको प्रचार भै रहेको छ ।

बारम्बार शब्द झिकेर मादक पदार्थको सेवन गरेको बुझिएमा "वर्खास्त गर्न सकिने कुराको उल्लेख गरेको भए शिक्षकहरू कुनै कुनैले गुप्तरूपले मद्यपान गरे पनि प्रकट नहुँदा छात्रहरूमा प्रोत्साहन मिल्ने थिएन । इसाई जगतका अनेक सद्गुण हामीमा बढनु पर्नेमा बल्डांस मद्यपान र नयाँ मांस भक्षण समेत बढदै थिए भने, रजनीश साहित्य—भारत, गान्धी और मैं, संभोग से समाधिकी ओर, ज्यों की त्यों धर हिन्दी चदरिया आदिबाट नैतिक जीवनका खम्बा समान महात्मा गान्धीजीका आचरण बारेमा कुतर्कद्वारा दुरालोचना गरेको छ । गान्धीजीका केहि गल्ती पनि थिए । उसै बेला डा० संपूर्णानन्द आदिले समालोचना पनि गर्नु भएथ्यो । सत्यकुराको आलोचना राम्रो हो । एक दुई कुतर्क हेरौं–भारत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गान्धी और मैं, पुस्तक पृष्ठ ९६।९७ मा भारतमा हिन्दु मुस्लिम दंगा अप्रत्यक्ष रूपबाट गान्धीजीले नै गराएको हो, किनकि अंग्रेज शासनको विरुद्ध उठेको क्रोधलाई अहिंसाद्वारा गान्धीजीले दबाएकोले नै दंगा भएका हुन् । तर गान्धी नजन्मदै वा अफ्रिका बसेका बखतमा भएका दंगा कसले गराए ? पृथिवी भर आयर्लैंड, लेबनान आदिका दंगा कसले गराएको हो ? अर्को कुतर्क—मोतीलाल नेहरूलाई अन्यत्र नबढोस् भन्ने उद्देश्यले मद्यपान छोड्न नसक्नेले पनि गुप्तरूपले गर्न सुझाव गान्धीजीले गरेकोमा मोतीलालजीले मानेनन् । यसमा पनि गान्धीजीको कुरालाई रजनीशले अनुचित भने । वास्तवमा मद्यपानलाई चोरीहत्या जस्तो अपराध न माने पनि सामाजिक, आर्थिक र शारीरिक स्वास्थ्यमा पनि अति हानि गर्ने सरुवा रोग जस्तो ठूलो दुर्व्यसन हुनाले बालक बालिका आदिमा नराम्रो असर नपरोस् भन्ने उद्देश्यले स्त्री पुरुष संभोग गुप्त राखे झैं मद्यपान पनि छोडन नसक्नेले गुप्त राख्नु उत्तम हो । पृथिवीभरका सर्कारले प्रत्येक वर्गमा आचरण तोके र महत्व दिएको छ । तर उक्त पुस्तकको पृ० ३४ मा र १७३ मा पनि आचरणादिको र नैतिकताको समेत विरोध गरेको छ ।

ताजा मासुको टुक्रामा मदिराको थोपा पर्दा खोल्टो[1] पर्दछ । त्यस्तै मात्र नभै मद्यपानले ज्ञान नाडीमा समेत विकृति उत्पन्न गरेको प्रत्यक्ष थाहा हुन्छ । धेरै पिउनेको जिब्रोलट्पटिन्छ, गोडा लर्बरिन्छन् छादनु छैन, नाली, बाटबाटामा पसारिनु आदि देखिदैछ ।

विषहरूमध्ये[2] कुनै धेरै दिनमा असर गर्ने र कुनै विष चाहि तत्काल असर गरेर चाडै मर्दछन् । मद्यरूपी विष चाहि धेरै दिनमा असर गर्ने हो । शरीर विगार्ने जति दुर्गुण विषमा छन् ती मद्यमा पनि हुन् ।

यसरि पृथिवीभरको अति पुरानु ज्ञानराशि ऋग्वेद देखि अहिले सम्मका

---

(१) मुक्ता पत्रिका पृष्ठ १०८ । सन् १९७८ फरवरी ।

(२) विषस्य ये गुणा दृष्टाः सन्निपातप्रकोपणाः । त एव मद्ये दृश्यन्ते विषेषु बलवत्तराः ।। हन्त्यागुहिविषकिञ्चित्किञ्चिद्रोगाय कल्पते । यथा विषं नष्टं वान्त्यो, जेयो मद्य कृतो विषः । चरक संहिता चिकित्सा स्थान श्लोक ९६।९७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सद्ग्रन्थहरूले र अनुभवले पनि मद्यबाट आर्थिक, सामाजिक, शारीरिक र राजनैतिक आदि असंख्य हानि हुन्छ भन्ने कुरा स्पष्ट बताएको छ। अचेल पनि मद्यपानले उक्त सबै कुरामा हानि गराएको प्रत्यक्ष नै देखिदैछ। तापनि ४ हजार वर्ष अघि यदुवंशीका नेताहरू विद्वान नै थिए। विद्वान ऋषिमुनिले मातेर लडेर मर्नेछन् पनि भनेको थियो तर पनि रक्सीले मातेर काटा काट गरी सकिए। यस्ता प्रकारको एति ठूलो दुर्घटना असभ्य कुलमा पनि देखिदैन यसमा शङ्का — कृष्ण भगवान ईश्वरको अवतार भएर कत्रा कत्रा आपत्तिबाट वहाँले यदुवंशीको रक्षा गर्नु भयो, गीता बताउनु भयो। यो सबै भन्दा ठूलो दुर्घटना किन रोक्न सक्नु भएन ? भक्ति मार्गका ग्रन्थहरूको उत्तर के भने यदुकुल दग्ध थियो, कृष्णकै इच्छाले त्यो भूभार हरण गर्नु भएको हो। तेति पनि रोक्न नसक्ने भए, केको ईश्वर ? तर वास्तविक कुरा के भने—अन्याय रोक्नु नै भूभार हर्नु हो, तेसैले रामले रावणलाई सीतालाई फिर्ता गरेर मेल गर्रौं, भन्नु भयो। कृष्णले जरासन्धलाई २० हजार राजवन्दीलाई छोडिदेउ, सन्धि गर्रौं, भन्नु भयो। वास्तवमा कृष्णभगवानका अलौकिक व्यवहार कहिं कहिं मात्र प्रकट भएका छन्। उद्योगपर्व १२९।१३ अध्यायमा म एउटैले पनि संपूर्ण ससैन्य कौरवलाई नाश गर्न सक्तछु। तर तेसतो काम अनुचित हुँदा गर्दिन, भन्नुभयो। यस बारेमा ब्रह्मसूत्र (४।४।१७) ले (जगद्व्यापार वर्जम्) सिद्ध महापुरुषले संसारको सञ्चालन गर्नुहुँदैन, लौकिक उपायमा लाउनु भनेकोले कौरव सभामा दुर्योधनले थुन्न आँटेको बुझेर विश्वरूप देखाएर धंकी ता दिनु भयो, तर कुनै कार्वाही गर्नु भएन। विश्वरूप देख्ता र अनेक उपदेश सुन्दा आफू जिद्दि छोडी अर्जुन लडने भए। तर दुर्योधनले डराएर पनि आफु जिद्दि नछोडेकोले युद्ध भयो। विडि सिग्रेट गांजा भांग अफीम जांड रक्सीमा लाग्ने मानिस धेरै भए छन् भने जडाहा रक्स्याहाकै बहुमत भैसकेकाले कडा सजायले मात्र त्यो दुर्व्यसन छुट्न सक्छ। अरू पनि अनेक उपाय गर्नु पर्दछ, भन्ने कुरा तेसबाट सिद्ध हुन्छ। भावी सन्तानमा नसरोस् भन्ने उद्देश्यले मद्यपानबाट हुने हानि बालककाल देखिनै शिक्षामा समावेश समेत गरी बताउँदै गर्नु पर्दछ। ऐन कानूनबाट पनि निषिद्ध मानिनु पर्दछ। नैतिक व्यवहार गर्ने महापुरुषहरूको जीवन चरित्र भएका पाठ्य-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुस्तक राखिनु पर्दछ। अचेल मद्यपानबाट पाप लाग्छ, जात जान्छ भनेर मात्र मद्य र कुनै दुर्व्यसन पनि छुटाउन कठिनै छ। मौशल पर्वमा मातेर काटाकाट गर्न थाले पछि बलराम र कृष्णले संझाउँदै रोक्ने चेष्टा गर्नु भयो, तर वहाँहरूलाई नै हान्न थालेकोले बलराम समाधिद्वारा प्राण त्याग गर्न बस्नु भयो। ४।५ मात्र बाकिरहेपछि कृष्ण भगवानले द्वारिकामा गएर सबै खबर बताउँदा वहांकी रानीहरूले दरबार भित्र बोलाए, यदुवंशी नभएको घरमा पस्तिन, दाजु बलराम तपस्या गर्न बस्नु भएको छ, म पनि वहीं गएर तप गर्छु भन्दै हिडेर प्रभातमा पुग्दा बलराम परमधाम गैसक्नु भएको देखेर वनमा कृष्ण पनि ढल्केका बेला जरानामक व्याधाले मृग ठानेर हानेका बाणले लागी तलाई दोष छैन, यो मेरो निमित्त हो भनेर परम धाम जानु भयो। (महाभारत मौशलपर्व) यहाँ कृष्णले अलौकिक व्यवहार देखाएको छैन।

कहिं कहिं देवदेवी मन्दिरमा मद्य र पशुबलिलाई पनि पूजाको अङ्ग मानेर चालू राखेका छन्। यस्ता प्रथा नेपाल र भारतमा जहाँ तहाँ अझै छदै छन्। किन ? आसुर मद्य छोडन नसक्ने स्वादे अगुवाले र वाममार्गीहरूले तेस्तो विधि बताउनु स्वाभाविकै थियो। अर्को कुरा-उस युगमा चाडचाडै युद्ध हुन्थे, र काटमार गर्न सदा तयार रहनु पर्ने हुदा तेस्ता मानिसका देवता पनि शत्रुलाई मार्दै रहेका निर्दय डरलाग्दा मुण्डमालाधारी हुन्थे। जस्तै अचेल पनि उज्जैनको काल भैरव मूर्तिमा रक्सी पियाउछन्. बोतल वा वटुको मूर्तिको मुखमा छुवाए पछि बोतल वा वटुको रित्तो हुन्छ, (सन् १९८० दिसम्बरको सूर्या, पत्रिका लेखक-रामसिंह यादव। शीर्षक-भगवान भी शराब पीते हैं' तर डा० स्वामी प्रपन्नाचार्यज्यूले सो कुरा सुनेर उज्जैन गई सोधदा बताए, तर रक्सी किनेर ल्याएर दिदा पनि खुवाएनन्, भन्नु हुन्थ्यो। वाराणसीका काल भैरवमा मदिरा आदि तामसिक पदार्थ चढाएको देखिदैन।

वास्तवमा ता सबै जीवकी माता हुन् भन्ने कुरा देवीका निम्ति जहाँतहाँ छ, (प्रसीद मातर्जगतोऽखिलस्य) संपूर्ण जगत्की माता देवी खुसी हुनु होस्, (सप्तशती ११।२) इत्यादि बताएकोले आमाले आफ्नु सन्तानलाई खादैनन्। सर्प आदि १।२ पशुले आफ्नु मात्र खाएको देखिन्छ। तेसो हुदा मन्दिरमा पशु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बलि चढाई रक्ताम्मे गराउनुलाई धर्म भन्न सकिदैन, अधर्म हो भनी स्पष्ट भन्न सकिन्छ । आफुले खाने चीज चढाउने कुरा बताएको छ । तेसै हुदा अचेल बनेका देवी मन्दिरमा मद्य र पशुबलि दिन हुँदैन भन्ने लेखेको पनि देखिन्छ ।

त्यस्तै कयौं जातको संस्कृतिमा मांस मद्य न भै कुनै धार्मिक र सामाजिक काम गरिदैनन् । ती कुरा पुराना अम्बलीले चलाएको हो ।

अचेल पनि सच्चरित्र मद्यमांस त्यागी धर्म प्रचारक साधु संन्यासी पाइन्छन् । साथै नकली ठग संन्यासी पनि पाइन्छन् । पठित मननशील मानिसले मात्र ठगेर साधु छुट्याउन सक्ने छन् । रक्स्याहा धर्म प्रचारकको पूजामा रक्सी पनि चाहिनु स्वाभाविकै हो ।

जस्तै (नवम्बर १९७८ को मनोहर कहानियाँ) पृष्ठ २७मा छ कि (ठगी कथा विशेषाङ्क) एक गरीब जवान रामेश्वर मिश्र काशी वृन्दावनमा २।३ वर्ष घुमेर रामेश्वरानन्द स्वामी नामबाट प्रसिद्ध भै जहाँ-तहाँ १।२ मैना घुम्दै ठाउँ बदल्दै रहन्थ्यो । मुंगेरको जमालपुर स्टेशनमा पक्रिएर झोलाका कागज पत्र हेरेर जांच्ता ठग भन्ने पत्ता पाई मुंगेर जेलमा राखियो । त्यो स्वामी व्यभिचारी र शराबी रहेछ, एक पात्रमा थियो कि—देशी शराबकी तीन बड़ी बोतलें देशी शराबकी दो अद्धे बेलायती शराब ६ बोतले कोकाकोला एक बोतल, लिमका एक बोतल, कोरी धोती एक, एक एक रुपये की १० सिक्के, १७ अठन्निया, फल, अगरबत्ती आदि पूजाको सामग्री इत्यादि थियो । अन्धभक्त धनी छन् भनेता रक्सीलाई पूजा सामग्री भनी किन्ने छन् । एक थरि लिम्बू तामाङको जातमा विवाहको कुरा छिन्दा रक्सी र सुगुर नभै हुँदैन । तेस्ता जात अरू पनि छन् । एक थरी लिम्बू जातमा आशौच (जुठो) बाट शुद्ध हुँदा सुगुरको टुक्रा र अलिकति रक्सी मुखमा हाल्नु पर्दछ र मात्र शुद्ध हुन्छन् । तर सुधारवादी लिम्बूहरूले त्यो कुरा त्यागे । तेरथुमका हाल इटहरी बस्ने लाख[3] धोज लिम्बूले छोराको विवाह रक्सी सुगुर नखाने लिम्बू परिवारका साथ गराउनु भयो । तेस्तै ललित बहादुर लिम्बूले पनि आशौचबाट शुद्ध हुँदा दहि मात्र खाने प्रथा चलाउनु भयो ।

सुधारवादीहरू कुनै ठूलो शास्त्रले बताएको भन्दैमा प्रत्यक्ष हानि गर्ने कुरा बुझे पछि त्यागेर सुधार गर्दै रहन्छन् । बहुसंख्यक मानिस स्वभावैले दुर्व्यसन तर्फ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आकर्षित हुन्छन् । तेसै हुदा सुधारको काम सदा चालू राख्नु पर्दछ । जस्तै—कार्तिक माहात्म्य आदिमा कोजाग्रत पूर्णिमामा र तिहार (पञ्चकमा) जुवा खेल्नू भनेको हुँदा २००७ साल सम्म जुवा खेल्न फुक्काथ्यो, तेसपछि बन्द हुन्थ्यो, सो पाँच दिन भित्र नै कतिपय मानिस दरिद्र बन्दथे, कयौं मानिस जुवा हारेको पीर खप्न नसकी आत्महत्या पनि गर्दथे । ऋग्वेद अक्ष[1]सूक्त ७।८।५।३।१०।३४) ले[2] मनु (९।२२) आदि स्मृतिले समेत निषिद्ध मानेको थियो तापनि माहात्म्य शास्त्रले बताएको हुदा समेत कोजाग्रतमा र पंचकमा जुवा खेल्न ऐनले नै खुलाएको थियो । पुराणका कयौं विषय सामाजिक हुन्छन्, कुनै सनातन हुन्छन् । प्रत्यक्ष हानिकारक सामाजिक विषयको मान्यता समाप्त गर्नुपर्दछ, जस्तो दुइ हजार आठ सालदेखि पंचकको जुवा समाप्त गरियो । ऐनले निषिद्ध भए पछि लुकेर अति थोरै मात्र खेल्ने खेलाउने गर्दैछन् । काठमाडौंका ठूला होटलमा ठूला मानिसका छत्र छायामा जुवा मद्यपान बल्डांस र नयाँ मांस संभक्षण पनि गराएको बुझिन्छ । त्यो काम अनुचित हो । तेस्तै—मद्यपान पनि ऐनबाट निषिद्ध माने पछि नयाँ पीढीमा नै घट्तै जान संभव हुन्छ । प्रोत्साहन मिल्ने छैन ।

मद्यपान बारेमा भारतका नामी पत्रपत्रिकाहरूले प्रोत्साहन गरेको छैन । सरिता आदि पत्रिकाले प्राचीन व्यवहार, जा अचेल अनावश्यक वा हानिकारक भै घृणा गर्नु पर्ने पनि छन् । सुधारका लागि तिनको उल्लेख गर्नु उचितै थियो । तर कयौं कुरा नभएको असत्य कुरालाई बढाई चढाई विकृत समेत गराई सरिता पत्रिकाले लेख्ने गरेको छ । जस्तै—नरबलिको प्रसंगमा 'देवताहरू विमानमा घुम्दा मनुष्यशव देख्नाकासाथ उत्रेर खान्थे र फेरि विमान चढी

---

(१) अक्षैर्मा दीव्यः कृषिमित्कृषस्व वित्ते रमस्व बहु मन्यमानः (ऋ० कृ० १०।३४।१३)

(२) द्यूतं समाहयं चैव राजा राष्ट्रान्निवारयेत् । राज्यान्तकरणावेतौ द्वौ दोषौ पृथिवीक्षिताम् (मनु० ९।३२१)

(३) ०३७।३।४ मा लाख धोजजीले इटहरीमा उक्त कुरा बताउनु भयो। वहाँको उमेर ७६ वर्षको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उड्दथे । भन्ने कुरा उत्तर काण्ड (७।७७) वाल्मीकि रामायणको कथा बताएको छ, त्यो राम्रो कथालाई विकृत गरी लेखेको छ । वास्तविक कुरा के भने—अति धनी भैकन पनि कन्जुस, अतिलोभी वाचुन्जेल दश निम्ति र दुःखी दरिद्र निम्ति पनि केही खर्च नगर्ने, तर अत्यन्त धर्म गर्ने मानिसले अति दुःख पाउँछ, भन्ने कुरालाई पुष्ट गर्न त्यो कथा लेखिएको हो । नेपालमा पनि सन्तान न भएका अति धनी मानिस थिए । सास छउन्जेल धनको सदुपयोग गरेनन् र मरे । तेस्ता मानिस अहिले पनि छदैछन् । दानमाहात्म्य बताउँदा त्यो कथा लेखिएको हो । वनका तलाउको किनारमा अगस्त्य ऋषिको अगाडी यौटा राम्रो विमान उत्रियो । तेसबाट यौटा सुन्दर देवता निस्किएर त्यहीं यौटा लास खान थाल्यो । अगस्त्यले आश्चर्य मानेर सोधदा देवताले भने कि—पूर्वजन्ममा मैले ठूलो धर्म गरेकाले स्वर्गको देवता हुन पाएँ । तर धनी भए पनि पटक्कै दान गरिन छु । तेसैले भोक लाग्दा अरू केहि खान पाइएन, आफ्नै लास मात्र खानु पर्ने हुँदा खाँदैछु, यो लास मेरो पूर्व जन्मको हो, कहिल्यै पनि सडदैन ।" सरिताले तेसरी विकृत गराई लेखी असत्य कुरा देखाउनु अति अनुचित हो र अप्रत्यक्ष रूपबाट हाम्रो संस्कृतिमा अश्रद्धा वढाई इस्लाम इसाई मतको प्रोत्साहन हो । तेस्तै सरिता (सन् १९८० जून) को संपादकीयमा—प्राचीन भारतीय संस्कृति स्त्री, हरिजन, कामगार व कर्मण्यता विरोधी हैं, एक व्यक्तिको दूसरे से अलग करती है मिलाती नहीं" संपादकले वैदिक मानवतावादी सवात्मवादी उदारपक्ष चटक्क छोडेर मध्यकालको अनुदार पक्ष मात्र देखाएको छ ।

तर सो सरिताले पनि मद्यपान व्यभिचारलाई प्रोत्साहन दिने लेख लेख्तैन । मद्यपानलाई दुर्व्यसन नै बताउँदैछ ।

तर नेपालको नामी पत्रिका रूपरेखामा मद्यपानलाई प्रोत्साहन गर्ने लेख पनि देखिदै छन् । जस्तै (०३७ साल अश्विन २३ पृ० ४३ ले खगेन्द्र के० सि० । श्री० विद्रोहको पहिलो घुड्को) मा मद्यपानको जस्तै—३० वर्षको पठित मोहनलाई पठित जडाहा रक्स्याहाहरूले मद्यपान गराउन भन्दछन्—मोहन ! आज तिमी पनि एक घुड्की लगाई हामीलाई साथ देउ न यार । के हुने हो र ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साथीका बीच तिमी जस्तो पढे गुनेको मानिस किन असभ्य जस्तो बन्छौ ? "पुराना नपिउने बूढाहरू यो नयाँ आयामलाई वेवकूफ बनेर तमासा हेर्न थाले ।" ८।१० वर्षको अवधिमै नेपालमा रक्सी नखाने व्यक्ति असभ्य वेसोमती ठहरिन थाले । मोहन ! यो विना न मोहफिल जम्दछ, न समाज छ, न संगत नै । यसले आज हाम्रो देशमा ठूलो देखि साना सम्म बलियो आसन जमाइ सकेको छ । यिनै गिलास जुधाइ र 'चियर्स' मा समानताका कत्रा कत्रा काम बन्दछन् ।" इत्यादि तर्कबाट मोहनलाई मद्यपानमा फसाएको छ । साथै मोहनलाई पठित पनि भनेको छ । मोहनलाई मद्यपानमा फसाउन जति तर्क, दिएको छ, पठित र ३० वर्षको पनि हुनाले मद्यपानको दुर्गुण देखाउन मोहनले पनि उत्ति-कै तर्क देखाउनु पर्दथ्यो, तेति उमेर, तेति पढेका मानिस अनुसारका तर्क नदेखाएकाले लेखकको आशय बुझ्न नसके पनि तेस लेखबाट नेपालमा उत्तरोत्तर बढे बढाएको मद्यपानलाई प्रोत्साहन नै मिलेको छ । मद्यपानको विरूद्ध असंख्य तर्क दिन सकिन्थ्यो । ठूला ठूला राष्ट्राध्यक्षहरूको विना रक्सि नै चियर्स (टोष्ट) को काम भएको कुरा र मोहफिल समाज पनि असंख्य नै मद्यपानलाई अति घृणा गर्ने थिए, अझै छदैछन् । इन्दिरा गान्धीजी र ब्रेजनेभको विना रक्सीको भोज माथि लेखियो ! भारतीय राष्ट्रपति जाकिर हुसेन, टोष्टमा पानीको गिलास लिन्थे । मुरार भाई देसाइ (भारतीय प्रधान मन्त्री) लाल बहादुर शास्त्री आदि राष्ट्राध्यक्ष मद्यपान नगर्ने थिए । मद्यपान न गर्दा समाज संगठन र संगत नहुने कुरा भ्रामक हो । राणा शासनमा सभा संगठन गर्ने अधिकार नभए पनि बहुसंख्यक मद्यपान नगर्ने समाज संप्रदाय थिए !

पाकिस्तानमा मद्यपान इस्लाम धर्म विरूद्ध हुनाले विदेशीलाई मात्र मद्यपान मिल्न सक्त छ । वहाँ समाज, संगत, मोहफिलै छैन कि कसो हो ? वहाँका सबै पठित मानिस असभ्य वेवकूफ छन् कि कसो हो ? पाकिस्तानको आर्थिक स्थिति नेपालको भन्दा कयौं गुणा वेसी भएको कुरा बुझिदैछ । उक्त रूपरेखाले नेपाल देश मद्यपानमा चुर्लुम्म डुबेको कुरा स्पष्ट गरेको छ ।

पठित भए पनि बिचरा पठित नेपालीहरू कुनै पद पाइन्छ कि ? भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आशाले वा पाएको पद चिरस्थायी हुन्छ कि भन्ने आशाले मालिकका साथमा मन नलागेर पनि मद्यपान गर्ने मानिस नेपाली भेटिन थाले।

ठूला प्रशासकको भोजमा सम्मिलित हुने एक ठूला कविजीलाई सोध्दा रक्सीको गिलास ओठसम्म छुवाउने गर्दछु भन्नुभयो। कुनै मन्त्रीज्यूले चाहि मेरा भागमा पनि रक्सी आयो, म खान्नथे, धेरै बेरसम्म छुइन, मन्त्रीज्यूले त खानु भएकै रहेन छ, भन्न पनि थाले। मेरा पाँभाग्यले पोख्ने ठाउँ पनि भेटें र आँखा छलेर पोखी दिएँ। घुम्ने मान्छेले खानु भएछ, भनेकाले म खुसी भए, इत्यादि कुरा मन्त्री पदबाट खुस्किए पछि भनेको सुनियो। यसरी मद्यपानमा डुबेको नेपालको सार्वजनिक आर्थिक उन्नति कसरी होला ?

रक्सी खाने माथिल्ला स्तरका मान्छेहरू मध्ये कुनैले ता मद्यपान गराएकोमा नेपालमा समाज सुधार गरेको संझन्थे। माथिको मोहनको कक्षामा रूप रेखामा पनि मोहनलाई सभ्य गराउनु नै मद्यपान गराएको उल्लेख देखिन्छ। तर मद्यपान-ले कयौं परिवारलाई राति ८।९ बजे देखि शहर बजारलाई आफ्नु स्वास्थ्यलाई र आर्थिक र सामाजिक स्थितिलाई समेत बिगार्दै छन्। धनको ठूलो स्रोत पाउने पद भेट्ने मात्र दरिद्र बनेका छैनन्। जेठ २०३८ को रूपरेखा २४१ को 'शरीर र प्रेम' शीर्षकले पनि प्रोत्साहन गर्दछ।

अर्को कुरा—शंकर[1] चौलागाइज्यूले लेख्नु भएको संवत् ०३६।३।२ मा प्रकाशित सामान्य ज्ञान परिचय पृष्ठ २६९ मा रक्सीको शिष्टाचार भनी इंगलैण्डदेखि नेपाल पर्यन्तका १६ देशको नाम देखाएको छ। कुनै पनि इस्लाम देश बंगला देश, पाकिस्तान, इरान, इराक, अरब आदि देशलाई देखाइएन। ती देशले मद्यपानलाई इस्लाम धर्म विरूद्ध मानेको हुँदा अशिष्ट आचार ठहराउँ-छन् होला। अचेल रक्सीको चलन, लेखेको भए पनि हुन्थ्यो, तर शिष्टाचार लेखियो। कस्तालाई शिष्ट भन्दछन्। तिनको आचार मद्यपान पनि हो कि ?

(१) यथार्थ सत्य कुरा देखाउनु भै इंगलैण्ड आदि समृद्ध देशको गन्तिमा मद्य-पानमा नै भए पनि नेपाललाई राख्नु भएकोमा धन्यवाद। लेखकको त्रुटि देखाएको होइन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रा ऋग्वेददेखि अंग्रेजको शासन भन्दा पहिलेसम्मका वाममार्गी बाहेक महात्मा महापुरुषहरूले र ग्रन्थहरूले पनि मद्यपानलाई निषिद्ध मान्दै दुराचार दुर्व्यसनमा गनेको र प्रत्यक्ष नै हानिकारक पनि सिद्ध छ र नेपालका छात्रछात्रा लगायत सर्वत्र फैलदै छ ।

अर्को कुरा—रूपरेखा पत्रिका समेत हेरिदैछ । पृथ्विीभरका ग्रन्थहरूमध्ये अति प्राचीन गनिएको वेदमा र तेस पछिका रामायण महाभारत गोता मनु आदि स्मृति पुराणहरूमा समेत मानवतावादी, सर्वात्मवादी, नैतिकता पूर्ण, समानतापोषक प्रगतिशील उदार पक्ष र समय समयमा परिस्थितिवश आएका अनुदार पक्ष पनि देखिदै छन् । यो पक्ष हाम्रा कमजोरी र परिस्थितिवश आएका विकृति हुन् तिनको दोष प्रकट गरेर समाप्त गर्ने र उदारपक्षलाई प्रोत्साहन दिदै नयाँ नयाँ कार्यक्रम दिदै प्रचार गर्नु नै लेखकहरूको कर्तव्य हो, जस्तो लाग्दछ । तर रूपरेखा पत्रिकाका लेखक मध्ये कतिपय लेखकहरूले चाहि भएको होइन, नभएको अनुदार पक्ष र दुर्व्यसन पोषण गर्ने लेखहरू पनि प्रकट गरेको कुरा लेखियो, लेखिदै पनि छ । हाम्रो प्राचीन संस्कृतिमा अनास्था अश्रद्धा प्रकट गर्ने लेख द्वारा हामीमा हीन भावना बढाइदै छ । जस्तै—मदनमणि दीक्षित-ज्यूले रूपरेखा (०३४ चैत्र, २०३) मा मर्यादापुरुषोत्तम रामको चरित्रलाई पनि फीका पार्ने चेष्टा गर्नु भएको छ । 'राम भन्दा सारै नै श्रेष्ठ उदान्त विद्वान रावण' लेख्नु भएको छ । त्यहीं सिन्धु सभ्यतालाई द्रविड सभ्यता हो भन्नु भएको छ । तर नेहरूजीले भारतीय[1] सभ्यता र 'आज दैनिकले विशुद्ध वैदिक[2] सभ्यता लेखे । त्यहाँ एक रूखमा फल खाने र नख ने २ चरा देखाएकाले समेत वैदिक सभ्यता हो । त्यस्तै—रूपरेखाको युग गाथा, 'त्यो युग' भन्ने शीर्षकमा पनि १।२ सूक्त देखाएर तिनको सही रूप देखाइएन । त्यहाँ शर्त (समय) राखेर पनि विहा हुन्थ्यो ।

---

(१) हिन्दूस्तान की कहानी ले० जवाहर लाल नेहरू ।

(२) दैनिक आज सन् १९६६ दिसम्बर ९ । सिन्धु घाटीकी सभ्यता विशुद्ध वैदिक सभ्यता है जो कि आजसे ५ हजार वर्ष पूर्व महाभारत काल तक विद्यमान थी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीमसेनले एक छोरो भए पछि छोड्ने शर्त राखेर हिडिम्बाले स्वीकार गरिन् ! पछि घाटामा परिन । उर्वशीले शर्त राख्दा राजा पुरूरवाले स्वीकार गरे । शर्त नपुग्दा सन्तान भए पछि उर्वशी हिडिन्, राजा फकाउँदै पछि पछि धाए । मानिनन्, राजा घाटामा परे । ती सूक्तबाट स्त्री पुरुषको अधिकार समान थियो । समान नभएता उर्वशीलाई ४।५ मैना थुनेको भए उर्वशी आफै काबु हुन्थिन् । घोषा आदि कयौं स्त्रीहरू कयौं सूक्तका ऋषि देखिएकोले समेत स्त्री निम्ति वेदाध्ययन निषेध थिएन । पछि पछि चाहिं स्त्रीले पुरुषलाई र पुरुषले स्त्रीलाई पनि त्याग्न हुन्न भन्ने नियम बन्यो । शर्तको बिहा बन्द भयो । कुनै समयमा मातृ सत्ता थिएन, भन्न सकिदैन तर त्यस सूक्त (१०।९५।१) ले मातृसत्ताको संकेत गर्दैन । त्यस सूक्तबाट मातृ सतात्मक युग भन्नु असत्य हो ।

अर्को रूपरेखा ०३७ अंक २३३ मा पनि मदनमणि ज्यूले "त्यो युग" शीर्षकमा अक्षसूक्त (१०।९५) लेख्नु भयो । तेसको मुख्य आशय—जुवा पासा आदि खेल्वाड छोड, तेसबाट धन सकिएर आफ्नै परिवार नाता गोता स्त्री सम्मले पनि रक्षा नगरेर दुर् दुर् गर्नेछन् । खेती नै गर, जसबाट गाइ स्त्री आदि पनि जुट्ने छन् । अर्थात् धन संपत्ति वडेर परिवारका साथ सुख-पूर्वक वस्त्र पाइनेछ. (अर्थ स्पष्टै छ । तर त्यहाँ पनि वि० पि० कोइराला लिखित मोदिआइनको आलोचना गर्नु भएको छ । मोदिआइनको आलोचना यस लेखकले पनि गरेको छ, किनकि त्यहाँ वि० पि० ज्यूले मनुष्यसमूहको संहार गर्नु नै भूभार हर्नु, १ कृष्णले कौरव सभामा मध्यस्थता सचाइले नभए छलले गर्दछन् २ र अर्जुनलाई गीता द्वारा योसवै देखिएका पदार्थ मिथ्या हुन्, भन्ने कुरा कृष्णले भने ३ यी तीन र अरू पनि महाभारत गीताको विरुद्ध कुरा हुन्, असत्य हुन् । अनित्य भन्छ, मिथ्या भन्दैन गीता । मदनमणिजीको आलोच-नामा 'स्वयं त्यो कौरव पाण्डवको युगमा कृषि भूमिले आर्थिक संबन्ध निर्धारण गरेको कतै पाइदैन ।" इत्यादि कुरा महाभारत र वेद मन्त्रहरूको विरुद्ध हुँदा सत्य होइन असत्य हो । किनकि—महाभारत सभा पर्व पाचौं अध्यायमा नै उन्नत खेती आकाशका पानीका भरले हुँदैन, कृषकहरूलाई खानपान बीज समय समयमा कर्जा समेत दिदै रहनु पर्दछ । खेती पशुपालन व्यापारलाई वार्ता भनेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ र वार्ता राम्ररी चालू राखेमा जनताले सुख पाउँछ । युधिष्ठिर महाराजको सभा इन्द्र प्रस्थमा उक्त कुराको चर्चा गरिएको छ । युधिष्ठिरको समय ५१०० वर्ष अघिको हो । त्यो भन्दा अति पुरानु मानिएको ऋग्वेद (४ ५८।८ मा र अक्षसूक्त १०।९५) मा अन्त पनि कृषिलाई आर्थिक व्यवस्थाको आधार मानेको स्पष्ट छ । झन् यजुर्वेदको (१२।७१) मन्त्रले ता "फाली लगाएको हलो जोत्नाले आर्थिक सुख, सोमयाग गर्ने, शक्ति, गाई, भेडा, वाहन सहित रथ र पुष्टअङ्ग भएकी स्त्री पनि पाइन्छ ।" भन्ने स्पष्ट उल्लेख गरेको हुँदा त्यो भन्दा धेरै पछिको कौरव पाण्डवको युगमा कृषिलाई आर्थिक स्रोत मानेको स्पष्ट छ ।

मद्यपानको इतिहासको प्रसंगमा रूपरेखा २३३ पृ० ५२ को खगेन्द्र के० सी० ज्यूको पठित मोहनलाई अनेक जुक्तिबाट मद्यपान गराएको कथाका प्रसंगमा रूपरेखा पत्रिकाका पठितलाई चित्त दुख्ने अपठितलाई वरालिदिने दुर्व्यसनोलाई सुख दिने लेखकहरूको संक्षिप्त आलोचना गरियो ।

गोर्खापत्र चाहिं माथिल्लो स्तरको मद्यपान देखेर मौन व्रत लिएको जस्तो छ । तर ७० वर्ष अघि संवत् १९६६ साल माघ १८ गतेको गोर्खापत्रले स्पष्ट दुर्गुण बताएको छ जस्तै—मदिरा खानेहरूको केवल धनमान होइन कि धर्म, बुद्धि, शरीरको आनन्द पनि नास हुँदै जान्छ । फेरि शराब भनेको वस्तु जो हो सो मट्टिञ्जेल जस्तै वल्दछ । मेरठ शहरमा बस्ने छैटौं जाट पल्टनका कप्तान् पिपाबाट शराब झिकि बराबर बोतल भराउन लागेका थिए । अघिल्ला दिन केहि बोतल भरि सके पछि फेरी भोलीपल्ट पनि ३७५ बोतल शराबले भरेर पिपामा कति बाँकि रहेको छ भनि हेर्नालाई दियासलाई घोटि हेर्दा वल्न लागेको हात्को दियासलाई पिपामा पर्न गयो, अतएव सो पिपाबाट आगो निस्कि कप्तान डढी अधकल्चो भएका हुनाले अस्पताल लगे, केही वेर्पछि प्राण पनि गयो । (गोरखा पत्र ३०३८ साल आसार २ गते मङ्गलवार) यो लेख्नु पनि अचेल-लाई ठूलो साहस गरेको मान्न सकिन्छ ।

जनताले मद्यपानको सफल विरोध गरेको उदाहरण नवनीत । सन् १९८१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनवरी। शीर्षक—मणिपुरकी वीराङ्गनाएं पृष्ठ ११६-११९। लेखक देवकी जैन।

मणिपुरका स्त्रीहरूले मद्यपान गर्ने पुरुषहरूको विरोधमा सन् १९७५ मार्च देखि सन् ७६ जूनसम्म एक टोली बनाए। तेसमा ३० देखि ५० सम्म स्त्रीहरू हुन्थे। वेलुका अँध्यारो हुन लागे पछि तो स्त्रीहरू गल्ली गल्लीमा पाले बस्न लाग्दथे। मद्यपान गरेर दुकानबाट फिर्ने पुरुषहरूलाई पक्रेर उनबाट पचास पचास रुपया डाँडेर असुल गर्दथे। जुन मानिस अर्कोपल्ट पनि पक्रिन्थ्यो, तेस्ता मानिसलाई लौराले पनि कुट्दथे। कैले कैले यी स्त्रीहरूको मद्दत गर्न पुरुषहरू पनि साथै हिड्दथे। यस अभियानको आरम्भ कसरी भयो? भने मद्यपानले मातेको एक पुरुषले एक स्त्रीको कानबाट कुण्डल लगेको स्त्रीहरूले देखेछन्। तेसै बेला देखि तेस्तो संगठन बनाएका हुन्। इम्फल, कचिंगका स्त्रीहरूले निश्चय गरे कि? अब यस्तो कुरा दोहोरिन दिइने छैन। तो स्त्रीहरूले वेलुका साँझ देखिनै जहाँ तहाँ लुकेर बस्न लागे। यसरी सो स्त्रीसंगठनले सन् १९७८ सम्ममा कयौं ठूला शहरमा कस्बामा आवश्यकता भएकोले मद्यपान विरोधी त्यस संगठनले काम गर्दैनै रह्यो। वहाँ धेरै जात भए पनि मुख्य जात नागा र अरू जात छन्।

मिती जातका सबै मानिस ३५० वर्षदेखि वैष्णव थिए र मद्यमांस खादैनथे। त्यहाँका शासकवर्गले नै कडाईका साथ मद्य निषेध गरेको थियो। मिती जाततता मद्यलाई छुन पनि मान्दैनथे। वहाँ चारू चन्द्र नामक राजाको मृत्यु पछि, द्वितीय विश्वयुद्धपछि बाहिरी मानिसका साथ संगत भएपछि सबै सामाजिक वन्धन खुकुलो हुनाका साथै मद्यपान समेत अरू जातमा र मिती जातका पुरुषहरूमा पनि बढ्दै गयो। सबैले मदिरा बनाउन थाले। पुरुषहरूमा मद्यपान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वढेपछि घरको काममा शिथिलता बढदै गयो। मणिपुर अंचल में जहाँतहाँ वियरकी दुकानें खुल गई। और जवान से लेकर बूढे तक उनके पास मँडराने लगे। हर कुटुम्ब में एकाध शराबी होना मामूली बात हो गयी। त्यही पहिले कावुई जातकी स्त्रीहरूले मदिरा बनाउँथे। तर पछिपछि ता मिती जातले पनि बनाउन थाले।

मद्यपानबाट अनर्थ अन्याय वढन थाले पछि मिति जातका स्त्रीहरूलेनै पहिले मद्यपान बन्द गर्ने अभियान चलाए। मिती स्त्रीहरू साडे तीन लाख लगभग थिए। कावुइ जातकी स्त्रीहरू ११ हजार हुँदा मद्यनिषेध आन्दोलन सफल हुँदै गयो!

पहिले पनि मणिपुरमा अनेक अन्याय रोक्न र सामाजिक कुप्रथा हटाई सुधार गर्न स्त्री समाज नै अघि बढ्दथ्यो। सन् १९०४ मा अंग्रेज शासनमा घर भत्किए पछि त्यहीं अर्को घर बनाउन नपाउने आदेश कर्नल मैक्सी वेलले गरेको थियो। १९२५ मा पानीको टैक्स लगाएको थियो। यी र यसै अरु अन्यायका विरुद्ध पनि स्त्री संगठनले नै ती अन्याय समाप्त गर्न सफल भए। तेस वेलाको महाराज र अंग्रेज एजेण्टले गरेका अन्याय पनि बन्देमातरम्, मणिपुर माताकी जय" भन्ने नारा लगाउँदै विरोध गरी सफल पनि भए।

मणिपुरमा सन् १९६० मा अखिल भारतीय शराबबन्दी परिषदको शाखा खोलेर मद्यपान विरोधमा जुलुस निकाली सामूहिक रूपमा नारा लगाइयो। शिक्षाका पाठ्य-पुस्तकमा पनि मद्यपान विरोधको समावेश गरी रोक्ने चेष्टा भए।

सन् १९५९ मा गान्धी शताब्दी थियो। तेस वेला पनि मद्यपान निषेधमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरै प्रगति भयो । मणिपुर नशाबन्दी परिषद्ले ११ सूत्री कार्यक्रम बनाएका थियो । तेस बेला पनि मद्यपान विरोधमा धेरै प्रगति भयो ।

मद्यपान छुटाउने आन्दोलन भन्दा पैले ठाउँ-ठाउँमा घुम्दै सूचना गरे । तेस पछि १० देखि ५० सम्म स्त्रीहरूको दल बनाई, बलिया-बलिया लौरा लिई सिरमा ढाकी वा टोकरी घोप्ट्याएर पगरी बाँधी बेलुका भएपछि लालटिन पनि लिई घुम्दथे । तेस समयमा जवान र बूढ़ाले मद्यपान गर्दा गर्दै बालक-बालिकामा सर्न थालेकाले नै त्यहाँका स्त्रीहरूले संगठित भै त्यो काम थाले । मद्यपान गर्ने जुन सुकै मानिसलाई पनि पक्रेर रुपया डांड्दा अथवा तेसका बदलामा अन्न आदि जिनिस निकाल्दा उनका स्त्रीहरूले ढुंगा हान्ने आदि गर्दै विरोध पनि गर्दथे, । तर मद्यनिषेधक स्त्रीहरू धेरै र व्यापक भै फैलिएकाले तेसको पर्वाह न गरी काम चालू राखे । मद्यपान गर्ने जुनसुकै मानिसलाई रक्सीको गन्ध पाए पछि रु० ५० । सम्म दण्ड गर्ने, नमानेमा अथवा दोस्रो पल्ट पनि फेला परेमा लौराले पनि हिर्काउने पनि गर्दथे ।

"वे स्त्रियां यह भी चाहती हैं कि शराबकी भट्ठियाँ एकदम बन्द कर दी जायें । और भट्ठियाँ खोलनेका लाइसेन्स मिले ही नहीं । इन औरतों ने मर्दोंकी मर्दानगी और औरतोंकी अवलापनके ख्यालको बहुत हदतक फाका बना दिया है ।" (वीमेन्स फार पावर "के आधारपर लिखित गान्धीमार्ग"से साभार) हाल नेपालमा उत्तरोत्तर बढदै रहेको र छात्र-छात्रामा पनि सर्दै रहेको मद्य-पानलाई मणिपुरका मिती जातिको उदाहरण अनुकरणीय छ । नेपालमा कुपन्डो-लमा लुगासिउने मुसलमानले डाइरेक्टर पद पाएको एकमात्र छोराले मद्यपान नछोडेकोले जेथाघाट बञ्चित गरे जेथा गुठीमा दिए भने । तर रक्स्याहा छोरालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्राह्मणहरूले तेसो गरेको थाह छैन । किन कि अहिले सबै भन्दा अनर्थकारी भै ढढदै रहेकोले मद्यपानको इतिहास प्रकट गर्नु आवश्यक हुनाले लेखिदैछ । वास्तव-मा ता अनर्थकारी दुर्व्यसन अफीम पनि हो । जडाहा रक्स्याहा अफीमिको दर्जा एउटै हो । भारतको नशाबन्दीमा अफीम पनि पर्दछ । आसाममा कानि खाएर घेरै मानिसले आर्थिक सामाजिक हानि गराए, भन्ने सुनिन्छ । चीनमा पनि अफीमले १८४० सन् तिर अति हानि गरेको थियो । जनता र सर्कारले समेत हटाउने र छुटाउने गरे । (सामाजिक शिक्षा इतिहास पृ० ९४ कक्षा १० नेपाल) ।

यसरी ऋग्वेद देखिनै दुर्व्यसनमा गनिएको मद्यपानले पैले पनि हानि गर्दथ्यो । अहिले पनि गर्दैछ । यसलाई छुटाउने घटाउने प्रयत्न पहिले देखि अहिले सम्म पनि महात्मा महापुरुषबाट र संग्रन्थबाट समेत हुँदै रहेको छ । शारीरिक स्वास्थ्य र बुद्धिलाई पनि नराम्रो असर पार्नेमा गांजा-भांग चरेस पनि छन् । अचेल स्वास्थ्य विगार्ने अम्बल मध्ये सुर्तिबाट तयार गरेका तमाखु बीड़ी, सिग्रेट आदि पनि हुन् भन्ने कुरा पत्रपत्रिकामा देखिदै छन् ।

सर्कारी स्तर चाहि काहिले रोक्ने गर्दछ काहिले खुकुलो गर्दै, प्रोत्साहन गर्दै पनि रहन्छ । पहिले देखि अहिले सम्म पनि प्रथम श्रेणीको दुर्व्यसनमा गनिएका मद्यपान जुवा र व्यभिचार हुन् । यी तीन कुरा विरोधीहरूलाई प्रेम-पूर्वक गिराउने ठूला राजनैतिक हतियार पनि हुन् । जस्तो कौरवले पाण्डवलाई जुवामा फसाएर अकण्टक राज्य गरेथे । यो माथि लेखिएको मद्यपानलाई पनि तेसरी प्रयोग गरे हुनन्, किनकि भारतमा धार्मिक कट्टरताले पनि मद्यपान बढन सकेको थिएन । अंग्रेजी शासनका साथै धार्मिक कट्टरता घट्दै गयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भारतमा मुस्लिम तर्फका निजाम नवाबहरू र हिन्दू राजा महाराजाहरू समेत ६ सहे भन्दा वेसी थिए ती मध्ये कयौं ले आफ्नु आचार-विचार छोडेनन् । तर अरु घेरै नै "उनके पिट्ठू राजाओं नवाबों को शराब और शबाबों की रंगीन दुनियामें ही भटकाये रखते थे।" तर उनलाई येस बातको थाहै थिएन कि शान-शौक, शराब, शबाबमा डुबेर रहदा हामीहरू दुनियाका दृष्टिमा पतित ठहरिदैछौं। (मनोहर कहानियाँ पृ० ४०, ले० डा० एस० दत्ता सन् १९७९ अगस्त)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपसंहार

यसरी आर्थिक, सामाजिक, शारीरिक आदि कुरामा असंख्य हानि पुऱ्याउने मद्यपान हो भन्ने कुरा प्रकट गरियो। यसलाई हटाउन घटाउन नेपालमा पनि धार्मिक संगठनले मात्र होइन, अरू सामाजिक संगठनले पनि मद्यपानको विरोधमा नयाँ कदम चाल्नु पर्ने हो। जसबाट भावी पीढिलाई प्रोत्साहन नमिलोस्। विशेष गरी शिक्षकहरूको खुला मद्यपान छात्र छात्रामा समेत सर्न नसकोस्।

यस बारेमा मुक्ता पत्रिकाको केहि लेख प्रकट गरेर यो लेख टुंग्याइन्छ।

"बहु जन हिताय" को ही प्राथमिकता दी जाए जान बूझ कर जहर पीने वालों के खिलाफ मुकदमें दायर किए जाए। पीने वालों को आत्महत्यारा और पिलाने वालों को हत्यारा ठहराया जाए। शराब बनाने वाले फैक्टरियों को स्पिरिट (मिथाइ लेटेड अल्कोहल) बनाने की फैक्टरियों में बदल दिया जायें" इत्यादिकुरा पनि माननीय छन्। (मुक्ता पत्रिका पृ० ११४ सन् १९७८ जनवरी) त्यहीं भनिएको छ कि "देशभर नशाबन्दी अभियान चलाया जाए। इसके लिए पोष्टर लगाए जाए, इसके दुर्गुणों को प्रदर्शित करने वाली प्रदर्शनियाँ जगह जगह आयोजित की जाए। नशे से होने वाली हानियों को बतलाने के लिए फिल्में दिखाई जाए। फिल्मों में शराब के दृश्य नदिए जाए। रक्स्याहा डाइवरलाई तुरून्त पक्रनु सकिने वस्तु पनि विज्ञानले तयार गरेको हुँदा तेसमा रक्स्याहाको सास पर्नाका साथ थाहा पाएर हटाउने काम पनि हुँदैछ (मुक्ता पृ० १४१ सन् १९७७ फरवरी द्वितीय) यौटी व्यौली वरलाई माला लाउने वेलामा वर लर-वरिएको र मानिसलें समातेर थामेको देखेर माला नलगाएर म यस्ता शराबीका साथ विहा गर्दिन भनेर अडिई। वरियात रित्तै फर्कियो। कसैले संझाएर पनि व्यौलीले मानिन। (उक्त मुक्ता पृ० १३०) तर नेपालमा चाहिं मद्यपान छात्र छात्रामा पनि फेलन लागेकाले निकट भविष्यमा नै मद्यपान नगर्ने वरका साथ विहानै नगर्ने युवती पनि हुने छन्, भन्ने अनुमान गर्न सकिन्छ।

मद्यपानले बिग्रिएका

नेपालभर मद्यपानबाट बिग्रिएका परिवार कति छन्, हुनन्? भन्ने कुरा घरान आसपासका मानिसहरू र सो रक्स्याहा मानिसका परिवार बिग्रिएको हेर्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुमान गर्न सकिन्छ । घन्कुटा उत्तर प्रतिवर्ष ३ सय मुरी भन्दा वेसी धान आउँदथ्यो मधेसमा २ सय विगा खेत र घरानमा पक्कि घर समेत भएका एक क्षत्रियका मद्यपानैले ती सबै जेथा सकिएको प्रत्यक्ष देखियो । तेस्तै बाहुन परिवार पनि दरिद्र बने । ५।६ जना मानिस रोगी भै पटनामा गई जाँचे पछि अब मद्यपान नगरेमा मात्र बाच्नेछौ भनेकोले घर आएर २।३ मैना खाएनन्, पछि खान थाले चाडै युवावस्थामा नै मरे । एक जना युवक मद्यपानबाट थर्थर काम्ने दुब्ला भै सकेका थिए । मद्यपान छोडे पछि तयार वलिया भए । धेरै वर्ष विते, अहिले सम्म मद्यपान गरेका छैनन् । मद्यपान व्यक्तिगत र सामाजिक महारोग हो ।

आर्थिक इतिहास

जि० सुन्सरीको इटहरी नगर हाल सम्म अति सानु छ त्यहाँ मोलबाट तयार रक्सी वेच्ने ३ दुकान छन् । तिनमा प्रतिदिन सरदर कममा पनि २ हजार-को रक्सी विक्तै छ, एक बोतलको रु० ५०।६० छ, भन्ने कुरा ०३८।३।२३ मा सोध खोज गर्दा पत्ता लागेको छ । प्रत्येक गाउँमा रक्सी वनाउने र वेच्ने काम चालू छ । त्यो रक्सी एक बोतललाई ५।६ रुपया पर्दछ । त्यो पिउने मानिस झन् असंख्य छन् । कनिका कोदो, र गुड आदिबाट रक्सी वनाउँदछन् । यसैवाट अनुमान गर्न सकिन्छ कि मद्यपानमा नेपालभर कति आर्थिक शक्ति खर्च हुँदैछ । भारतमा मद्यपानको विषैला प्रभाव परी धेरै मरेको खबर पाइदैछ ।

चारित्रिक इतिहास

केहिमाथि कहियो रक्सीमा वानी वसेका मानिसको संख्या प्रतिदिन बढ्दै छ । ती मध्ये रोगी भैसकेका युवा वा प्रौढको इतिहास र हालको चरित्र के कस्तो छ ? भने पहिले स्वास्नीलाई कुट्ने हप्काउने समेत गरेर घरको जेथा द्वारा रक्सी पिउँछ । पछी छोरा-छोरी बढे पछी बाबुले रक्सीले मातेर जथा भावी लडदै पडदै बोल्दै कामक्रोधको आवेश पनि बढेको व्यर्थमा धन सक्तै रहेको आमाले चाहिं जेथा जोगाई बाललच्चा पाल्ने नियत लिएको देखेर बाबुका उपर घृणा र आमाका उपर सहानुभूति वढेर अमाको बल धरै बढेको हुँदा लोग्नेले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घरको कुनै पनि जेथा छुन पाउदैन । तेस अवस्थामा घर खेत बेचेर पिउन थाल्दछ । पढेकी बुझेकी स्वास्नो छ भने अड्डामा उजुर गरी घर खेत लोग्नेले बेच्न नपाउने पनि गर्न सक्त छे । तेस पछि ऋण गरेर पिउदछ । ऋण दिन बन्द गरेपछि कुनै संस्थाको नामबाट मरेका मानिसलाई कात्रो चाहियो भनेर समेत अथवा साधुको वेश लिएर पनि नयाँ-नयाँ ठाउँमा गई रक्सी पिउँदछ । छाद्ने, छेर्ने नालो बाटा घाटामा लडेका पनि देखिन्छन् । रोगी भै सकेकालाई अभिभावकहरू रक्सी छुटाउने दुष्प्रयास पनि गर्दछन्, तर रक्स्याहा चाहि विरामी भएर सुत्दछ । बुझ्ने डाक्टरले मर्फियाको सुइ दिएर लट्ठ पारेका पनि देखिए । ज्यादै धनीवा धनको स्रोत पाउने पद भेटेका मानिस रक्स्याहा भए पनि शारीरिक र मानसिक दुर्दशा भोगे पनि सामाजिक र आर्थिक दुर्दशा भोगेका देखिदैनन् । कुनैको चोट देखेर सोध्दा रक्सीले मातेर चोट लागेको पनि भने । एक धनी मानिसका घेरै छोरी जन्मिए । छोरा थिएनन् । पछि एक छोरो जन्मिएछ र ज्यादै सुखी भै ज्यादै रक्सी पिउन थालेछ । तर तेसकै प्रभावले पांचै दिनमा मरेछ । न्वारान गर्न पनि पाएन छ ।

०३८।३।३७

छविलाल पोखरेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.5 रु – माला घाउ बाउ पो
पो डाल्नु

३ पेर्यो – मा घुरा घाउ, बा डा पो
०.५ डाल्नु.

१ मा – २ % मा. घा. को नुहाउ
२ % बाँ % ,, बक्र मा बा पा
पुरो

पाडाको – लोमान बाउ ना अदि
पाउरो मा घिउ बा राख्नु
२ % मला घाउ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu